


भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ८१ ★ ने. सं. ११४४ चौला थ्व, पञ्चमी ★ शनिबार ★ १ वैशाख, २०८१ ★ April 13, 2024, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



**लिङ्गो ठड्याइयो :**
विसं २०८०/८१ को बिस्का जात्राको क्रममा चैत मसान्तको साँझ (चैत ३० गते) ५५ हाते योसिंद्यो (लिङ्गो) उठाइसकेपछिको दृश्य । उक्त लिङ्गो जात्राकै क्रममा वैशाख १ गते साँझ ढाल्ने परम्परा छ । वैशाख १ गते योसिंखेलमा ठुलो मेला लाग्छ ।

*तस्बिर : मजदुर दैनिक*

# परिवर्तन ल्याउन जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्न आवश्यक

भक्तपुर, ३० चैत । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा बिहीबार अगुवा कार्यकर्तामाझ कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “हामीले मार्क्सवादबारे अध्ययन, अन्तरक्रिया र छलफल गर्दै आइरहेका छौँ । अध्ययन गरेका पुस्तकबारे पटक-पटक छलफल गर्नु आवश्यक छ ।”

सचिव सुवालले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारबारे व्यापक कामदार जनतालाई शिक्षित गर्नुपर्ने आवश्यकता औँल्याउँदै कम्युनिस्ट नामधारी एमाले, माओवादीलगायतका पार्टीहरूले मार्क्सवाद त्यागिसकेका छन्, अब व्यापक कामदार जनतालाई मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचार जनतामाझ लग्ने जिम्मेवारी नेमकिपाको काँधमा आएको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेपालमा क्रान्ति गर्न गाउँ-गाउँ पुगेर कामदार जनतालाई राजनैतिकरूपले सचेत र सङ्गठित गर्नु आवश्यक छ ।”

नेपालको नदी नाला कब्जा गर्नु, नेपालमा उद्योगधन्दा भारतको निर्देशनमा निजीकरण गरी ध्वस्त गर्नु र देशलाई भारत निर्भर गराई दाल, चामल र फलफुल एवम् तरकारीसमेत भारतबाट आयात गर्ने काम नेपाली काङ्ग्रेसले गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “ नेपाली जनता नेपाली काङ्ग्रेसबाट सचेत नभए नेपालको स्वाधीनता र सार्वभौमिकतामा आँच पुग्नेछ ।”

“अहिले गाउँगाउँमा म्यानपावर कम्पनीका दलालहरू पठाएर सामान सङ्कलन गरेझैँ युवा-युवती सङ्कलन गरी १७१ देशमा सस्तो ज्यामीको रूपमा बेचिरहेको अवस्था छ । ८० लाखभन्दा बढी युवा-युवती बिदेसिन बाध्य पारिएको छ । साढे तीन लाख नेपाली युवतीहरू विदेशमा पीडित छन् वा नारकीय जीवन व्यतीत गर्दै छन् । यसर्थ, देशभित्रै रोजगारको व्यवस्था गर्न जरुरी छ र गोर्खाभर्तीलगायतका विदेशीको लागि कार्य अविलम्ब रोक्नु आवश्यक छ,” उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले भन्नुभयो, “पार्टीका विभिन्न समितिहरूले त्रैमासिक वा चौमासिक कार्य योजना बनाई जनताको सेवा गर्ने कार्य गर्नु आवश्यक छ । शासक दल सङ्ख्या पुर्‍याउन जुनसुकै अपराध गर्न तयार देखिएको छ । तर, हामी सिद्धान्त, मूल्यमान्यता, राजनैतिक

***बाँकी पृष्ठ २ मा***

# नयाँ वर्ष उपलब्धिमूलक होस्


भक्तपुर, ३० चैत । नयाँ वर्षको आरम्भसँगै नेपाली जनताले सुख, शान्ति र समृद्धिको कामना गर्दै स्वागत गरे । तर, सुख, शान्ति र समृद्धिको निम्ति स्वागत गरिएको नयाँ वर्ष धेरै बिते पनि जनता सुखी भएनन्, देश समृद्ध बनेन । यस नयाँ वर्षको अवसरमा सम्पूर्ण न्यायप्रेमी र देशभक्त जनतामा विदेशी हस्तक्षेप, सीमा अतिक्रमण र स्वाधीन तथा सार्वभौम देशमाथि भइरहेको आक्रमणको विरोधमा लड्ने थप बल मिलोस् । कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको सरकारले बहुमत जनताको सेवा हुने ऐन कानुन बनाएर, निर्णय गरेर जनताको विश्वास जित्ने काम गरोस् । देशका तस्कर, भ्रष्टाचारी, कमिसनखोर, अपराधीहरू सबै कारबाहीको घेरामा परुन् । समाजवादउन्मुख देश साँच्चै व्यवहारमा देख्न पाइयोस् । सत्तासीन दलका नेताहरूले देश र जनताकेन्द्रित रहेर काम गरून् । दलगत र व्यक्तिगत स्वार्थ छोडेर भागबन्डामा नअल्झिकन सरकारले आफ्नो काम कारबाही अगाडि बढाओस् ।

जो जहाँ रहे पनि सबैले आ-आफ्नो स्थान र क्षेत्रमा रहेर इमानदारीपूर्वक काम गर्ने वातावरण बनाइयोस् । न्यायप्रेमी जनताको सुख, समृद्धि र शान्तिको निम्ति सरकारले पहल गरोस् भन्ने कामना छ । नयाँ वर्ष विगतको जस्तो निरासाजनक नहोस्, उपलब्धिमूलक र उत्साहजनक होस् ।

## सूचना सूचना

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**
जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२





**खड्ककालिका मन्दिर–पुनर्निर्माण :** तनहुँको व्यास नगरपालिका–११ तनहुँ सुरस्थित +पुनर्निर्माण गरिएको खड्ककालिका मन्दिर । पुरातत्त्व विभागको रु. ५० लाखको लागतमा मन्दिर पुनर्निर्माण गरिएको हो । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# बिस्का जात्रालाई मध्यनजर गरी बजार अनुगमन

भक्तपुर, ३० चैत । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा बिहीबार र शुक्रबार मासु पसल अनुगमन गरियो ।

अनुगमन टोलीले न्यु नवदुर्गा कोल्ड स्टोरमा फोहर व्यवस्थापन व्यवस्थित नभएकोले सरसफाइमा ध्यान दिन र कुखुरा सफा गरेको फोहर ढल निकासमा नपठाउन र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो । इन्द्रायणी कोल्ड स्टोरमा मूल्यसूची राख्ने, फ्रिजमा बोरालगायतका अन्य जथाभावी सामानहरू नराख्ने र फ्रिजिङ प्रणाली व्यवस्थित गर्ने, पसलमा जथाभावी राखेका सामग्रीहरू व्यवस्थित गर्ने, सरसफाइमा ध्यान दिने, मासु धुवाँ धुलोले नभन्किने गरी सीसाको बाकस राख्ने र दर्ता प्रमाणपत्र लिएर तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई बिग्रेको मासु ३.५ केजी नष्ट गरियो । त्यस्तै वीएनसी मिट सपमा पसल तीन दिनभित्र दर्ता गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, मूल्यसूची राख्न, फ्रिजमा फ्रिजिङ प्रणाली व्यवस्थित गर्न, लेबल नभएको लगायत कुनै पनि सामान बेचबिखन नगर्न र तीन दिनभित्र दर्ता प्रमाणपत्र लिई नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु दुई थान जफत गरी बिग्रेको मासु १६.५ केजी नष्ट गरेको वडा निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।



बिहीबार भएको अनुगमनमा कार्यविनायक मिट सपमा मासु धुवाँ धुलोले नभन्किने गरी सिसाको बाकस राख्न, पसल फोहर देखिएकोले सरसफाइमा ध्यान दिन, फोहर कपडा हटाई तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो । त्यस्तै सिद्धि गणेश मिट सपमा पुरानो बासी मासु १.५ केजी जफत गरी सरसफाइमा ध्यान दिन निर्देशन दिइयो । वीएस मिट सेन्टरमा धुलो धुवाँले मासु फोहर नहुने गरी सिसाको बाकसमा राख्न, सरसफाइमा ध्यान दिन, फ्रिज फोहर भएकोले सफा गर्न आग्रह गरी बासी रगत ७ लिटर नष्ट गरियो । कमलविनायक मिट सपमा फ्रिजमा मासु स्टोर गर्दा जि बल्क झोला प्रयोग गर्न, सीसाको बाकस राखेर दर्ता नवीकरणसहित ३ दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो । सुरेन्द्र मिट सपमा नियमित सरसफाइमा ध्यान दिन र पसल बाहिर सामान नराख्न निर्देशन दिइयो । जुजु मिट सप फ्रिजमा मासु स्टोर गर्दा जि बल्क झोला प्रयोग गर्न निर्देशन दिइयो । त्यस्तै नवीन मिट सपमा सेतो एप्रोन लगाउन, मूल्यसूची राख्न, बाटोमा राखेको पसल छत हटाउन निर्देशन दिइयो । त्यस्तै सुरेन्द्र मिट हाउसमा सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिइयो ।

अनुगमन समितिका सदस्य एवम् वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशनमैँया सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा स्यानिटेसनका नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अक्कलबहादुर बिष्ट, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य सङ्घका राजेश त्वानाबासु, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, पशुसेवा कार्यालयका पार्वती योञ्जनको सहभागिता थियो ।

# चैते धान प्रवर्द्धन गर्न कृषकलाई अनुदान

तनहुँ, ३० चैत (रासस) । कृषि ज्ञानकेन्द्र तनहुँले चैते धानखेती प्रवर्द्धन गर्न कृषकलाई अनुदान दिएको छ । चैतेधान प्रवर्द्धन कार्यक्रममार्फत कृषकलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको हो ।

किसानलाई चैते धानखेतीमा प्रोत्साहन गर्न अनुदान कार्यक्रम लागू गरिएको केन्द्रका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । जमिन बाँझो राख्नेक्रम बढेपछि ठूलो परिमाणमा भारतबाट चिउरा र चामल आयात गर्नुपर्ने बाध्यता भएकाले चैतेधान प्रवर्द्धन गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

ढुवानी, बीउ, सिँचाइ, उपकरण खरिदमा अनुदानको व्यवस्था गरिएको छ । कार्यालयले अनुदान दिन थालेपछि चैते धान खेतीमा किसानको आकर्षण बढेको कार्यालयले जनाएको छ ।

धानको बीउमा ७५ प्रतिशत अनुदान र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदानको व्यवस्था गरिएको ज्ञान केन्द्रका सूचना अधिकारी परियारले बताउनुभयो ।

कार्यक्रमका लागि रू. एक करोड ५० लाख बजेट विनियोजन भई कृषक समूह तथा सहकारीसँग सम्झौता गरिएको छ । कार्यक्रमअन्तर्गत धान चुट्ने थ्रेसर, खेत जोत्ने मिनिटिलर तथा ट्र्याक्टरमा अनुदानको व्यवस्था गरिएको छ ।

सबैभन्दा धेरै बजेट ८२ लाख ५० हजार सिँचाइका लागि विनियोजन गरिएको छ । चैते धान विशेष गरी चिउराका लागि प्रयोग गरिने तर खेत बाँझो हुँदा भारतबाट आयात हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# एसीसी प्रिमियर कप : पहिलो खेलमा नेपाल विजयी

काठमाडौँ, ३० चैत । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल विजयी भएको छ । नेपालले मलेसियालाई पाँच विकेटले पराजित गरेको हो ।

ओमानको अल अमेरत क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै नेपालसामु जितका लागि एक सय ४४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सो विजयी लक्ष्य नेपालले १९ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पुरा गऱ्यो ।

नेपालका लागि आशिफ शेखले ३२, कप्तान रोहितकुमार पौडेलले २८, कुशल भुर्तेलले २४, दीपेन्द्रसिंह ऐरीले २०, गुल्सन झाले अविजित १९ तथा सन्दीप जोराले अविजित १२ रन बनाए ।

बलिङतर्फ मलेसियाका कप्तान विरनदीप सिंहले तीन तथा पवनदीप सिंह र मोहमद वाफिकले एक एक विकेट लिए ।

यसअघि एक सय ४३ रनको योगफल बनाउने क्रममा मलेसियाका लागि कप्तान विरनदीप सिंहले सर्वाधिक ७२ रन बनाए । उनले ५७ बल खेल्ने क्रममा चार छक्का र चार चौका हाने । यस्तै शविम मुनिआन्डीले ३३ बलमा दुई छक्का र तीन चौकाको मद्दतमा ४१ रन जोडे । मुहम्मद आमिरले १८ बलमा १६ रन बनाए ।

बलिङतर्फ नेपालका लागि दीपेन्द्रसिंह ऐरीले दुई तथा अभिनाश बोहोराले एक विकेट लिए । नेपालले अब आफ्नो दोस्रो खेल वैशाख १ गते कतारसँग खेल्ने छ ।

# 'समाज विकासको एक झलक' बारे अध्ययन गोष्ठी सम्पन्न

काठमाडौँ, ३० चैत । तारकेश्वर–७ फुटुङमा अवस्थित महालक्ष्मी इङ्लिस सेकेन्डरी स्कूलले साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित 'समाज विकासको एक झलक' कृतिबारे शुक्रबार अध्ययन गोष्ठीको आयोजना गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले नेपाली राजनीति र साहित्यको क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल हरिबहादुर श्रेष्ठले लेखेको पुस्तक 'समाज विकासको एक झलक' ले समाज र सभ्यता बुझ्न अत्यन्त उपयोगी सङ्ग्रहनीय पुस्तक भएको बताउनुभयो ।

पुस्तकबारे छलफल र अन्तरक्रिया कार्यक्रम नियमित गर्न सके ज्ञानको दायरा फराकिलो हुँदै जाने भएकोले यस्ता कार्यक्रम आवश्यक भएको उहाँले बताउनुभयो ।

विद्यालयका संस्थापक सनकमान महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका सहायक प्रिन्सिपल विकास डंगोल, शिक्षक प्रवीण न्यौपाने र भवानी आलेलगायतले बोल्नुभएको थियो ।

# झीगु ख्वप साकोसमा शुभकामना आदानप्रदान

भक्तपुर, ३० चैत । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांको प्रमुख आतिथ्यमा झीगु ख्वप साकोसको आयोजनामा बिस्का जात्रा तथा नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा अतिथि कवांले सञ्चालकहरू योग्य, समुदायप्रति समर्पित र राजनीतिकरूपले सचेत भई समाजवादी अवधारणाअनुसार सहकारी सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो ।

संस्थापक अध्यक्ष श्रीकृष्ण किसीले सामूहिक प्रयासबाट मात्र सहकारी अगाडि बढ्ने विचार व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष नारायणप्रसाद कवांको सभापतित्वमा सम्पन्न कार्यक्रममा सल्लाहकार विश्वराम कवां, तुल्सीराम ग्वाछा, पुण्यराम कवां, विष्णुप्रसाद किसी र आशाकुमार चिकंबञ्जारले पनि बोल्नुभएको थियो ।

# "ठमेल र दरबारमार्गको स्थिति हेरेर नयाँ बसपार्क पनि चौबिसै घण्टा खुलाउँछौँ"

काठमाडौँ, ३० चैत (रासस) । काठमाडौँ महानगरपालिका–२६ का वडाध्यक्ष श्यामराज तिवारीले ठमेल र दरबारमार्गको सुरक्षा स्थितिलाई हेरेर नयाँ बसपार्क क्षेत्रलाई पनि २४ सै घण्टा खुलाइने बताउनुभएको छ ।

वडाध्यक्ष तिवारीले अबको दुई महिनाभित्र नयाँ बसपार्क आसपासका सडक कालोपत्रे भइसक्ने उल्लेख गर्नुभयो । काठमाडौँ महानगरपालिकाको वडा नं २६ मा ठमेलसहित नयाँ बसपार्कसमेत पर्दछ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले ठमेल र नयाँ बसपार्कलाई एकआपसमा जोड्न सकेमात्र नयाँ बसपार्क क्षेत्रको अर्थतन्त्र चलायमान हुने बताउनुभयो ।

# अनाथ बालबालिकाको संरक्षण अभियान सञ्चालन

लम्की (कैलाली) ३० चैत (रासस) । बालगृहमा रहेका अनाथ बालबालिकाको संरक्षणको लागि कैलालीमा '१० रूपैयाँ मेरो योगदान अभियान' सञ्चालन गरिएको छ । जिल्लाको लम्कीचुहा नगरपालिका–१ लम्कीमा रहेको मानव सेवा बालगृहमा रहेका अनाथ बालबालिकाको लत्ता कपडा, खाद्यान्न र पढाइको लागि शुक्रबारदेखि अभियान सञ्चालन गरिएको बाल गृहका अध्यक्ष विनोद थापाले बताउनुभएको छ ।

हाल मानव सेवा बालगृहमा १५ जना अभिभावक गुमाएका बेसहारा बालबालिका रहेका छन् । बालगृहप्रति स्थानीयको अपनत्वको भावनाका साथै सहयोग सङ्कलनको लागि '१० रूपैयाँ मेरो योगदान अभियान' सञ्चालन गरिएको थापाले बताउनुभयो ।

सामाजिक क्षेत्रमा केही गर्नुपर्छ भन्ने उद्देश्यले आफ्नो १८ औँ जन्मदिवसको अवसर पारी थापाले २०८० असोज २ गते बाल गृह सञ्चालन गरेको बताउनुभयो ।

लम्कीचुहा नगरपालिका–१ का वडा सदस्य सिद्धराज तिमिल्सेनाले मानवताको लागि बालगृहले आह्वान गरेको १० रूपैयाँ योगदान कार्यक्रममा सबै सहभागी हुन अनुरोध गर्नुभयो ।

***परिवर्तन...***

नैतिकता, इज्जत, मान सम्मानमा असर पर्ने गरी कुनै सम्झौता गर्दैनौं । साहित्यलाई एक राजनैतिक हतियारको रूपमा प्रयोग गर्छौं, साहित्यिक तथा सांस्कृतिक गतिविधिबाट जनतालाई सचेत र सङ्गठित गर्ने कार्य गर्छौं ।"

उहाँले नयाँ पुस्तालाई खेल, साहित्य, कला, सांस्कृतिक गतिविधि, अन्तरक्रिया र नयाँ–नयाँ प्रविधिको प्रयोग गरी सैद्धान्तिक तथा व्यवहारिक शिक्षा दिने कार्य गरी जनताको सेवक बनाउने कार्य नेमकिपाले गरिरहेको बताउनुभयो । उहाँले अरू पार्टीका कार्यकर्ताहरू पैसा, लोभ, पद बाँडेर वा सरकारी र गैरसरकारी संस्थामार्फत व्यक्तिगत र स्थानीय समस्यामा साथ दिने वचन दिँदै फकाउने र फसाउने कार्य गर्दै छन्, त्यसैले हामी सजग हुनुपर्दछ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरका एन.वी. दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा पुरुषोत्तम तमखुले नेमकिपा शोषण वा नाफाको आधारमा चलेको पुँजीवादी गणतन्त्रलाई विस्थापित गरी समाजवादी बन्दोबस्त स्थापना गर्ने आमूल परिवर्तनको पक्षमा रहेको बताउनुभयो ।

**सङ्क्षिप्त समाचार**

# भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर

काठमाडौँ, ३० चैत । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ग्रामीण विकास बैङ्क टाँडी चितवनका वरिष्ठ फिल्ड सहायक उदयकृष्ण अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

नक्कली सदस्य बनाई बिनाधितो कर्जा दिएको, ऋणीबाट असुली भएको सावाँ तथा ब्याज रकम असुली नदेखाई जग्गा खरिदमा प्रयोग गरेको पाइएको छ । आयोगले अधिकारीविरुद्ध रु. १९ लाख दुई हजार दुई सय ३७ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ ।

हाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड साबिक मध्यमाञ्चल ग्रामीण विकास बैङ्क शाखा कार्यालय चितवनमा कार्यरत अधिकारीले पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको पाइएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

# लुम्बिनी प्रदेशका मुख्यमन्त्रीलाई विश्वासको मत

लुम्बिनी, ३० चैत । लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले विश्वासको मत प्राप्त गर्नुभएको छ । प्रदेशसभाको शुक्रबारको बैठकमा मुख्यमन्त्री महराले संविधानको धारा १८८ को उपधारा (१) बमोजिम राख्नुभएको विश्वासको मतको प्रस्तावमा मतदान हुँदा पक्षमा ४८ मत प्राप्त भएको थियो । यससँगै मुख्यमन्त्री महराले मुख्यमन्त्री नियुक्त भएको एक सातामै प्रदेशसभा बैठकमा विश्वासको मत प्राप्त गर्नुभएको हो ।

बैठकमा उपस्थित प्रदेशसभा सदस्यमध्ये मुख्यमन्त्री महराका पक्षमा सत्ता गठबन्धन दल नेकपा एमालेका २९, नेकपा (माओवादी केन्द्र) का १०, जनता समाजवादी पार्टीका तीन, नागरिक उन्मुक्ति पार्टीका चार, नेकपा एसका एक र स्वतन्त्र एक जना सदस्यसहित ४८ मत प्राप्त गर्नुभएकोले प्रदेशसभाका सभामुख तुलाराम घर्तीले घोषणा गर्नुभएको थियो । ८६ सदस्यीय प्रदेशसभामा प्रस्तावको विपक्षमा नेपाली काङ्ग्रेसका २६ र जनमत पार्टीका दुई जना गरी २८ मत परेको सभामुख घर्तीले घोषणा गर्नुभएको थियो ।

मुख्यमन्त्री महरा एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी दलको समर्थनमा चैत २३ गते मुख्यमन्त्री नियुक्त हुनुभएको थियो ।

# सुदूरपश्चिममा सञ्चालित कोल्डस्टोर सङ्कटमा

घोडाघोडी (कैलाली), ३० चैत (रासस) । सुदूरपश्चिम प्रदेशको सबैभन्दा बढी क्षमता भएको कोल्डस्टोर आर्थिक अभावका कारण सङ्कटमा परेको छ । कैलालीको घोडाघोडी नगरपालिकामा रहेको उक्त कोल्डस्टोर लिलामी हुने अवस्थामा पुगेको हो । किसानको आवश्यकतालाई मध्यनजर गर्दै घोडाघोडी-१० मा विसं २०७७ फागुनमा तीन हजार मेट्रिक टन क्षमता भएको प्रदेशकै सबैभन्दा ठूलो कोल्डस्टोर सञ्चालन गरिएको थियो ।

रिज्म परियोजनाको रु. एक करोड ९० लाख आर्थिक सहयोगमा निर्माण गरिएको उक्त कोल्डस्टोर रु. २० करोड बढी लगानीमा तयार भएको थियो । निर्माण सम्पन्न भएसँगै सञ्चालनमा आएको कोल्डस्टोरले ऋण तिर्न नसक्दा बन्द हुने अवस्था पुगेको कोल्डस्टोर सञ्चालक समितिका अध्यक्ष रामबहादुर रावतले बताउनुभयो । उहाँका अनुसार स्टोरलाई रू. २० करोड बढी ऋण रहेको छ ।

# सुदूरपश्चिममा १५ लाख थान पाठ्यपुस्तक बिक्री

रया (कैलाली), ३० चैत । (रासस) । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय धनगढीले हालसम्म सुदूरपश्चिममा १५ लाख ११ हजार थान पाठ्यपुस्तक बिक्रीवितरण गरेको जनाएको छ ।

नयाँ शैक्षिक सत्र २०८१ को लागि प्रदेशका नौवटै जिल्लामा स्थानीय पुस्तक बिक्रेतामार्फत केन्द्रले पुस्तक बिक्रीवितरण गरेको हो । उक्त पुस्तक बिक्रीवितरणबाट रु. १८ करोड बराबरको कारोबार गरिएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय धनगढीका प्रमुख रामबहादुर कुँवरले जानकारी दिनुभयो ।

उहाँका अनुसार केन्द्रले आगामी शैक्षिकसत्र २०८१ को लागि प्रदेशभरि १९ लाख १५ हजार एक सय ८५ थान पाठ्यपुस्तक बिक्रीवितरण गर्ने लक्ष्य लिएको छ । प्रदेशका सबै जिल्लामा पाठ्यपुस्तक पुगिसकेको कार्यालय प्रमुख कुँवरले जानकारी दिनुभयो ।

# हस्तकलाका सामग्री युरोप निर्यात २० प्रतिशतले घट्यो

काठमाडौँ, ३० चैत (रासस) । युरोप महाद्विपमा भइरहेको युद्धको प्रभाव नेपालको हस्तकला उद्योगमा देखा परेको छ । हस्तकला महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले युरोपमा २० प्रतिशतले हस्तकला निर्यात घटेको जानकारी दिनुभयो । उहाँका अनुसार युरोपमा हाते कागज, पस्मिना, फेल्ट लगायतका सामग्री बढी मात्रामा निर्यात हुने गर्छन् । गत वर्ष ६ अर्बको हस्तकला युरोपमा निर्यात भएको थियो । यसवर्ष गतवर्षको तुलनामा २० प्रतिशतले घटेको अध्यक्ष शाक्यले बताउनुभयो । "युरोपमा युद्धको प्रभाव हस्तकला व्यापारमा पर्न गएको छ", उहाँले भन्नुभयो, "यद्यपि अरू मुलुकमा निर्यातको अवस्था मध्यम छ ।"

हस्तकला महासङ्घको तथ्याङ्कअनुसार प्रत्येक वर्ष रू. १२ अर्बको हाराहारीमा हस्तकला तथा मूर्तिकला निर्यात हुने गरेको छ । मङ्सिरदेखि पुसमा मात्रै रू. आठ अर्बको निर्यात भएको छ ।

# अन्तरप्रदेश बक्सिङ प्रतियोगिता सम्पन्न




चितवन, ३० चैत । प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत बक्सिङ प्रतियोगिताको फाइनल तथा पुरस्कार वितरण समारोह वाग्मती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा चितवन उद्योग सङ्घको हलमा बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा मन्त्री मोक्तानले वाग्मती प्रदेशका खेलाडीहरू सक्षम र अब्बल बनाउन खेलकुदमा अगाडि बढेको बताउँदै चौध वर्षपछि पहिलोपटक बक्सिङ प्रतियोगिताको आयोजना गरेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका महासचिव मानबहादुर भण्डारीले बक्सिङ अन्तर्राष्ट्रिय वा विदेशमा नाम राख्न सफल भएको खेल हो भन्नुभयो । उहाँले यो खेललाई विकास गर्न बक्सिङ महासङ्घ लागिरहने बताउनुभयो ।

प्रतियोगिता संयोजक धनकुमार मैनालीको संयोजकत्वमा भएको कार्यक्रममा वाग्मती प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले युवाहरूलाई विकृति र विसङ्गतिबाट टाढा राख्न खेलकुद गतिविधि आवश्यक रहेको चर्चा गर्दै खेललाई जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्नुपर्ने बताउनुभयो । उहाँले बक्सिङ खेललाई राज्यस्तरबाट ध्यान दिन सके यसको द्रुतगतिमा विकास हुने बताउनुभयो ।

कार्यक्रममा प्रदेश खेलकुद विकास परिषद्, वाग्मती प्रदेशका सदस्य सचिव सूर्यलाल भण्डारी, सदस्यहरू उत्तम गुरुङ, अमृत तामाङ, आठौँ सागका स्वर्णपदक विजेता प्रकाश थापामगर र रामचन्द्र थापामगर, डीएसपी भोजराज रिजाल, नेपाल बक्सिङ महासङ्घका उपाध्यक्ष किरण श्रेष्ठ र सविन भट्टाचार्यको उपस्थिति थियो ।

फाइनल खेलमा महिलाहरूमा ४८ केजीमा वाग्मतीकी सुस्मा तामाङ, ४८ केजीमा वाग्मतीका सुस्मा तामाङले लुम्बिनीका मन्दिरा पौडेललाई जितेर स्वर्ण पदक हासिल गरिन् । त्यस्तै ५० केजीमा वाग्मती रमिशा श्रेष्ठले कोसीका शीला राईलाई जितेर स्वर्णपदक हासिल गरिन् । ५२ केजीमा गण्डकीका सोनिया बडुवालले वाग्मतीका भावना भण्डारीलाई जितेर स्वर्ण पदक हासिल गरिन् । ५४ केजीमा कर्णालीका अन्जनी तेलीले वाग्मतीका लुम्बिनीका पुष्पा थापालाई जितेर स्वर्ण पदक हासिल गरिन् । ५७ केजीमा कोसीका नरिका राईले वाग्मतीका पेमा शेर्पालाई जितेर स्वर्ण पदक हासिल गरिन् । त्यस्तै ६० केजीमा कोसीका जोनु लिम्बुले वाग्मतीका नतिशा रानामगरलाई जितेर स्वर्ण पदक हासिल गरिन् । त्यस्तै ६३ केजीमा वाग्मतीका तनुजा नेपालीले कर्णालीका हेमा राईलाई जितेर स्वर्ण पदक हासिल गरिन् । ६६ केजीमा सुदूरपश्चिमका प्रतिक्षा रोकायाले वाग्मतीका तृष्णा गुरुङलाई जितेर स्वर्ण पदक हासिल गरिन् । ७० केजीमा कर्णालीका कोश डोमा शेर्पाले गण्डकीका अस्मिता बस्नेतलाई जितेर स्वर्ण पदक हासिल गरिन् । त्यस्तै ७५ केजीमा कर्णालीका शीला महर्जनले गण्डकीका जोशिका श्रेष्ठलाई जितेर स्वर्ण पदक हासिल गरेको वाग्मती प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

त्यस्तै पुरुषतर्फ ४८ केजीमा वाग्मतीका रविन थापाले लुम्बिनीका विशेष बुढामगरलाई जितेर स्वर्ण पदक हासिल गरे । ५१ केजीमा वाग्मतीका लालप्रसाद उप्रेतीले लुम्बिनीका भरत पुनमगरलाई, ५४ केजीमा वाग्मतीका मदनकृष्ण डंगोलले कोसीका डम्बरबहादुर श्रेष्ठलाई, ५७ केजीमा वाग्मतीका निरञ्जन मोक्तानले कर्णालीका प्रवल उप्रेतीलाई जितेर स्वर्ण पदक हासिल गरे । त्यस्तै ६० केजीमा गण्डकीका निश्चल गुरुङले कोसीका सिद्धवीर लिम्बुलाई, ६३.५ केजीमा सुदूरपश्चिमका महेन्द्र चन्दले कोसीका एक्लिस शाहीलाई र ६७ केजी कर्णालीका प्रशाङ सुब्बाले सुदूरपश्चिमका नवीन जागीलाई जितेर स्वर्ण पदक हासिल गरे । ७१ केजीमा वाग्मतीका आश्विनधिरण श्रेष्ठले गण्डकीका निशान गुरुङलाई, ७५ केजीमा गण्डकीका टार्जन धर्तिमगरले कोसीका प्रशान्त दाहाललाई, ८० केजीमा सुदूरपश्चिमका बालाजी रावलले वाग्मतीका प्रशाङ श्रेष्ठलाई जितेर स्वर्ण पदक हासिल गरे । ८६ केजीमा गण्डकीका किरण विकले लुम्बिनीका प्रशान थापालाई, ९२ केजीमा गण्डकीका सुनिल श्रेष्ठले वाग्मतीका प्रदिप तामाङलाई र ९२ केजीभन्दा माथिकोमा वाग्मतीका करण तामाङले कोसीका इशाक जनक शाहीलाई जितेर स्वर्ण पदक हासिल गरेको वाग्मती प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

वाग्मती प्रदेश पुरुषमा ६ वटा स्वर्ण पदक, २ वटा सिल्भर र ४ वटा ब्रोन्ज मेडल र महिलामा ३ वटा स्वर्ण पदक, ४ वटा सिल्भर र २ वटा ब्रोन्ज मेडलसहित टीम प्रथम हुन सफल भयो भने गण्डकी प्रदेश टीम दोस्रो र कर्णाली टीम तेस्रो भयो । महिला खेलाडीमा वाग्मतीका तनुजा नेपाली र पुरुषमा गण्डकीका निश्चल गुरुङ उत्कृष्ट खेलाडी भए । उत्कृष्ट कोचमा रमेशदास श्रेष्ठ घोषित भए ।

# काभ्रेमा विपद् प्रतिकार्य योजना बनाइँदै

काभ्रेपलाञ्चोक, ३० चैत । काभ्रेपलाञ्चोकमा विपद्जन्य प्राकृतिक प्रकोप तथा हुनसक्ने घटनाको व्यवस्थापनका लागि विपद् प्रतिकार्य योजनाको तयारी थालिएको छ ।

जिल्लास्थित विपद् व्यवस्थापन समितिले पछिल्ला महिना डढेलो तथा आगलागीका घटना वृद्धि हुँदै गएको र मनसुन सुरु हुनैलाग्दा चरणबद्धरूपमा सरोकारवालाको सहभागितामा विपद् प्रतिकार्य योजनाको तयारी थालेको हो ।

मौसमविद्का अनुसार आउने मनसुनमा वर्षा बढी हुने आँकलन भएकोले जिल्लाका नागरिक बढी प्रभावित हुनसक्ने भन्दै तयारीका लागि विभिन्न चरणमा बैठक एवं छलफल थालिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनुभयो । डढेलोका घटना बढिरहेकाले आगो लगाउनेलाई कारबाही गर्ने चेतावनी दिइएको उहाँले बताउनुभयो ।

विपद् प्रतिकार्य, राहत र उद्धारका लागि स्थानीय तहबिच सहकार्य गर्ने जनशक्तिलगायत श्रोत परिचालन गर्ने योजना बनाउन थालिएको प्रजिअ शर्माको भनाइ छ । जिल्लामा दमकल अत्यावश्यक भएको समितिले जनाएको छ ।

प्रजिअ शर्माका अनुसार समितिको बैठकहरूमा मनसुन तथा विपद्बाट प्रभावित हुनसक्ने स्थान पहिचान गरी सङ्कटको अवस्थामा रहेका समुदाय एवं बस्तीको पहिचान गर्ने, जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने, विपद् प्रतिकार्यका लागि अवश्यकपर्ने सामग्रीको सम्बन्धित सबै निकायले तयारी अवस्थामा राख्ने, एम्बुलेन्स, दमकललगायत सामग्री अन्तर स्थानीय तह समन्वय गरी परिचालन गर्नेलगायत निर्णय गरिएका छन् ।

विपद्को समयमा तत्काल सेवा दिनसक्ने गरी स्वास्थ्य संस्था, औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्ने, विकासका आयोजना सञ्चालन गर्दा र निर्माण सामग्री उत्पादन गर्दा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी मापदण्डको पूर्णपालना गर्नुपर्ने, वन डढेलो नियन्त्रणको लागि डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी प्रभावकारी कार्ययोजना बनाएर काम गर्ने पनि निर्णय भएका प्रजिअ शर्माले जानकारी दिनुभयो ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१ तर्जुमाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्थानीय तहसँग जिल्लामा मनसुनजन्य विपद्को पूर्वानुमान गर्न विपद्को प्रकृति, सम्भावित स्थान र जोखिमको अवस्थाको पूर्वानुमान विवरण मागेको शर्माले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार चालु आर्थिक वर्षको चैत अन्त्यसम्म काभ्रेपलाञ्चोकमा करेन्ट लागी दुई र बाढीले बगाई तीन गरी पाँच जनाको मृत्यु भएको छ भने विपद्का घटनाबाट १४ जना घाइते भएका छन् ।

जिल्लास्थित सुरक्षाकर्मीले गत पुसमा बिपीराजमार्गअन्तर्गत नमोबुद्ध नगरस्थित सडक तथा मेथिनकोट अस्पतालमा आपत्कालीन-विपद् प्रतिकार्यको अभ्यास गरेको थियो । उक्त अभ्यासमा भकुण्डेस्थित नेपाली सेनाको २६ नं बाहिनीका सैनिक कर्मचारी, प्रहरी चौकी भकुण्डेबेँसीका प्रहरी, धुलिखेल र मेथिनकोट अस्पतालका स्वास्थ्यकर्मीले 'नाटकीय रूपमा' दुर्घटना र व्यवस्थापनको अभ्यास गरेका थिए ।

जिल्लास्थित नेपाली सेनाको कालीजङ्ग गणले सामुदायिक विपद् प्रतिकार्यका लागि तालिम दिई काभ्रेपलाञ्चोकको १३ मध्ये १० स्थानीय तहमा ८० जना विपद् प्रतिकार्य जनशक्ति तयार पारेको छ । विपद्का घटनामा तत्काल उद्धारकर्मी पुग्न सम्भव नहुँदा कैयौँ मानिसको ज्यान जानसक्ने सम्भावनालाई न्यूनीकरण गर्न स्थानीयद्वारा नै 'फस्ट रेस्पोन्डर' का रूपमा प्रतिकार्य गर्नसक्ने क्षमताको विकास गर्न उक्त तालिमको आयोजना गरिएको जनाइएको छ ।

जिल्लाका अधिकांश भूभाग पहाडी क्षेत्र तथा जिल्ला भएर बग्ने तीन ठूला नदी विपद्को हिसाबले जोखिमयुक्त मान्दै आइएको छ । वर्षायाममा पहिरोको जोखिम, पुराना घर, बजार क्षेत्रमा बाक्लो बस्ती तथा जङ्गल इलाका धेरै भएकाले हुनसक्ने आगलागीको घटना बढ्नसक्ने देखाएको छ ।

। सम्पादकीय ।

# नयाँ वर्ष के आशालाग्दो र उपलब्धिमूलक होला ?

आज शनिबारदेखि २०८१ साल सुरू भयो । नयाँ वर्ष प्रारम्भको पूर्वसन्ध्यामा शुभकामना आदानप्रदान पनि भयो । तर, गएको वर्ष निराशा रह्यो । देश र जनताको पक्षमा उत्साहजनक काम खासै भएन । गएको वर्ष आशालाग्दो र उपलब्धिमूलक भएको भए आउने वर्षमा पनि आशाका किरण घर आँगनमा छाउँथ्यो र जनता खुसी हुन्थे । सरकारले देशका माफिया, तस्कर, भ्रष्टाचारीलाई ठेगान लगाउने भनी भ्रष्टाचारसम्बन्धी केही फाइल खोलेर कारबाहीको प्रक्रिया अघि बढाए पनि बदनाम हुने धेरै काम भयो । अनेक काण्ड र अपराधमा संलग्न व्यक्तिहरूको खोल्नुपर्ने फाइल अहिले पनि कति छन् कति ! के सरकारले यी सबै फाइल सार्वजनिक गरेर कारबाहीको प्रक्रिया अघि बढाउला ? दोषीमाथि कारबाही गर्न सरकार अघि बढ्ला ?

गएको वर्ष राजनीति अस्थिरको वर्ष भयो । सत्ताको खेल चलिरह्यो । भागबन्डामा अल्भिरह्यो । शासकहरूले एकले अर्कोलाई विश्वासघात गरिरहे, जनतामाझ गरिएको प्रतिबद्धता उल्लङ्घन गरे । यो राजनीतिक बेइमानी हो । देश हाँक्न बनेको सरकारले जनतामा विश्वास र भरोसा जगाउन सकेन । सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत बनाउन र जीवन पद्धतिको रूपमा विकास गर्नुको सट्टा बदनाम गरेर देशका प्रतिक्रियावादी र सामन्तहरूलाई गतिविधि गर्ने मौका सरकारले दियो । सरकार गठन र विघटनमा लाग्दालाग्दै देशलाई समृद्धि बनाउने र सुशासन ल्याउने शासकहरूको ध्यान ओझेलमा पऱ्यो । प्रदेश सरकारको कुरा त लेखाजोखा गर्ने ठाउँ नै छैन । निर्वाचनमा जनतामाझ गरेका प्रतिबद्धता र चुनावी घोषणापत्र नारा र कागजमा मात्र सीमित भयो । गठबन्धन जोगाउन र भत्काउन केन्द्रित अस्थिर सरकारले विकासको मुहान फुटाउनु पनि कसरी ! शासक दलका नेताहरूको कुरा सुन्दा देशभरिका भ्रष्टाचारी, तस्करहरू कारबाहीमा पर्ने भो भन्ने विश्वास लाग्थ्यो । तर, समय बितेसँगै ती भ्रष्टाचारका काण्डहरू पनि सेलाउँदै जान्थे । अहिले भइरहेको यही हो । हल्ला गर्ने तर कार्यान्वयन नगर्ने राजनीति हल्लाको राजनीति हो । जनतालाई आश्वस्त पार्ने हल्लाको राजनीति अर्को बेइमानी राजनीति हो ।

पशुपतिनाथको जलहरी, मेलम्ची खानेपानी आयोजना, वाइडबडी जहाज खरिद, ललिता निवास, छायाँ सेन्टर, भुटानी शरणार्थी प्रकरणको मुद्दा अघि बढेको देखिँदैन । सार्वजनिक भएका ती मुद्दाहरू ठुलालाई चोख्याउने र कमजोरलाई मुद्दा चलाउने राजनीतिक विश्लेषकहरूको तर्क गलत होइन । मिटरब्याज, सहकारी किसानको दूध बक्यौता भुक्तानी र बचतको रकम लिएर भागेका, बेपत्ता भएका ठग व्यवस्थापक या प्रबन्धकहरूलाई पनि सरकारले ठाउँमा ल्याउन सकेको छैन । प्रक्रिया अघि बढाएको भनी गर्व गर्नुको सट्टा कारबाही गरेर देखाउनु बुद्धिमानी हुनेछ । सुशासन र कानुनी शासन भनी खोक्ने सरकारले भ्रष्टाचार, अनियमितता र ज्यान मुद्दामा कैद सजाय पाएकाहरूलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मिनाहा दिए । जनताको व्यापक विरोध हुँदाहुँदै संसद्बाट नागरिकता ऐन २०६३ को संशोधन विधेयक पारित गरियो । विदेशीलाई पनि सजिलैसँग वंशजको आधारमा नेपाली नागरिकता दिने व्यवस्था गरेर देशलाई दूरगामी असर पार्ने काम सरकारले गऱ्यो ।

सरकारले संसद्मा शिक्षा विधेयक दर्ता गरेर शिक्षकहरूको मानव अधिकार र वाक् स्वतन्त्रतामा बन्देज लगाउने कामले देशभर शिक्षक आन्दोलन भयो । शिक्षकहरूले सरकारलाई खबरदारी गरे । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचारसम्बन्धी सूचाङ्कमा नेपाल पनि बढी भ्रष्टाचार हुने सूचीमा पऱ्यो । सुन काण्डमा पूर्वसभामुख कृष्णबहादुर महरा र पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुन पक्राउमा त परे । तर, उनीहरू थुनामा रहे पनि दोषी ठहरिएका छैनन् । उखु कृषकहरूको समस्या र मिटरब्याज पीडितको समस्या पनि टालटुलजस्तै रह्यो । यसरी देशमा राम्रोभन्दा नराम्रो काम बढी भयो । देश र जनताको चाहना पूरा हुनुभन्दा शासक र ठुला दलका नेताहरू दलगत र व्यक्तिगत स्वार्थमै फसे । मुलुकको हित र स्वार्थमा सरकार लागेको देखिँदैन । सरकारको विगतको यो घटनाले आगामी वर्ष के सुखद होला ? के देश र जनताको हितमा केन्द्रित रहेर सरकार अघि बढ्ला ? विचारणीय छ । शासकहरू देश र जनताप्रति समर्पित र जवाफदेही नभएसम्म, इमानदारीपूर्वक राजनीति नथालेसम्म देशको मुहार फेर्न गाह्रै होला ।

# स्वतन्त्र न्यायपालिका : सिद्धान्त र व्यवहार



✍ रामप्रसाद प्रजापति

सरकारका तीन प्रमुख अङ्गहरूमध्येको एक न्यायपालिका सरकारकै एउटा महत्त्वपूर्ण अङ्ग भएर पनि सरकारका अन्य अङ्गहरू व्यवस्थापिका र कार्यपालिकाप्रति कुनै पनि किसिमको उत्तरदायित्व नहुने अर्थात् प्रजातान्त्रिक समाजमा न्यायपालिका स्वतन्त्र हुनु आवश्यक मानिन्छ ।

न्यायपालिकाले जनताको रक्षक भई जनताको हक अधिकारलाई संरक्षण गर्ने र न्याय व्यवस्थालाई सशक्त राख्न पनि न्यायपालिका निष्पक्ष, सबल र स्वतन्त्र हुनु जरुरी मानिन्छ ।

संविधानले न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाबाट मुक्त, निष्पक्ष तथा स्वतन्त्र राखेको हुन्छ । तर, संविधान र कानुनले न्यायपालिकालाई स्वतन्त्रताको प्रत्याभूत गर्दैमा पर्याप्त मानिँदैन ।

न्यायाधीश नियुक्तिमा समेत कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेप, दबाब वा प्रभाव पर्न नहुने हो । तर, प्रजातान्त्रिक देशहरूमा सामान्यतया न्यायाधीश नियुक्तिमा कार्यपालिकाकै हालिमुहाली या दबाब कायम रहेको देखिन्छ । तापनि न्यायाधीश नियुक्ति भएपछि नियुक्तिकर्ताप्रति नभई संविधान र कानुनप्रति बफादार भएर न्यायाधीशले काम गर्नुपर्ने हो ।

न्यायपालिकाले कार्यपालिका वा व्यवस्थापिकाको कुनै पनि दबाब, प्रभाव र छायाँमा रहेर काम गर्नु नपर्ने अवस्थालाई न्यायिक स्वतन्त्रता भन्न सकिन्छ ।

**न्यायपरिषद्को जन्म**

नेपालमा पञ्चायती व्यवस्थाको पतनपछि प्रजातन्त्रको पुन:स्थापनासँगै बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई आत्मसात गर्दै न्यायाधीश नियुक्ति गर्ने छुट्टै निकाय 'न्यायपरिषद्' को संवैधानिक व्यवस्था गरियो ।

न्यायपरिषद्को जन्मलाई एउटा पक्षले स्वतन्त्र न्यायपालिकाको कोशेढुङ्गा मान्यो भने अर्को पक्षले एउटा धुन्धुकारी बच्चाको जन्म भएको मान्यो । अर्थात्, न्यायाधीशको नियुक्ति गर्दा सरकारबाट स्वतन्त्र छुट्टै निकायबाट न्यायाधीशको नियुक्ति, सरुवा, बढुवा, कारबाही गर्ने संवैधानिक व्यवस्थाले विगतमा सरकारले प्रत्यक्षरूपमा प्रभाव पार्ने कुरालाई अब उप्रान्त प्रभाव पार्न नसकिने आकलन एकातिर गरियो भने अर्कोतिर स्वतन्त्र भनिएको न्यायपरिषद्रूपी उक्त निकायमा सदस्यको रूपमा रहने कानुनमन्त्री र प्रधानमन्त्रीका प्रतिनिधिले स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई तिलाञ्जली दिँदै व्यवहारमा स्वतन्त्र न्यायपालिकामाथि राजनीतिक हस्तक्षेप अर्थात् कार्यपालिकाको प्रभाव र दबाब बढाउने आशङ्का गरियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ ले संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य कुरा गर्न प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायपरिषद् गठन हुने संवैधानिक व्यवस्था गरेको पाइन्छ । जसमा न्याय मन्त्री १, वरिष्ठताको क्रमानुसार सर्वोच्च अदालतका दुई वरिष्ठ न्यायाधीशहरू र श्री ५ (राजा) बाट तोकेको कानुनविद् १ गरी ४ सदस्यहरू हुने व्यवस्था थियो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ११३ ले न्यायपरिषद्मा नेपाल बार एशोसियसनको प्रवेश गरायो । धारा ११३ को उपधारा (१) मा प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायमन्त्री १, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश १, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मनोनीत गरेको कानुनविद् १ र नेपाल बार एशोसियसनको सिफारिसमा प्रधानन्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता १ रहने न्यायपरिषद् गठन हुने व्यवस्था गरियो ।

यसरी २०४७ सालबाट २०६३ सालसम्म आउँदा न्यायाधीश नियुक्ति गर्ने मुहान 'न्याय परिषद्' मा ५ जनामध्ये न्याय मन्त्री १, प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति हुने कानुनविद् १ र नेपाल बार एशोसिएशनको सिफारिसमा नियुक्ति हुने कानुन व्यवसायी १ समेत ३ जना अर्थात् न्यायाधीश नियुक्ति गर्ने निकाय न्याय परिषद्को ५ जनामध्ये बहुमत सदस्य ३ जना राजनीतिक पृष्ठभूमिबाट नियुक्ति हुने प्रस्ट देखियो ।

तत्पश्चात् न्यायपालिकामा भएका नियुक्तिलाई अध्ययन गर्ने हो भने कुनै न कुनै सरकारमा पुगेका राजनीतिक दल वा प्रमुख प्रतिपक्षी दलको भागबन्डामा मात्रै न्यायाधीश नियुक्ति हुनसक्ने परिस्थितिको सृजना भयो ।

एकताका त न्यायपरिषद्ले तत्कालीन पुनरावेदन अदालत (हाल उच्च अदालत) मा न्यायाधीश नियुक्ति गर्दा सर्वोच्च अदालतमा शपथग्रहण गरेकै दिन सरकारमा रहेको राजनीतिक नेकपा एमालेको बल्खुस्थित पार्टी कार्यालयमा आशीर्वाद लिन लामबद्ध भएर गएको तस्बिर नै सार्वजनिक भयो ।

पछिल्लो समय विवादित बनेका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको पालामा त न्यायाधीश नियुक्तिको क्रम भागबन्डामा मात्र सीमित नरही सोभन्दा अगाडि बढेर प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले कार्यपालिकामा मन्त्री पद आफ्नो भागबन्डामा पारेको चर्चा व्यापक बन्यो ।

यसरी स्वतन्त्र न्यायपालिकाको सिद्धान्त एकातिर तिलाञ्जली दिँदै न्यायपालिका प्रमुखहरूले नै स्वतन्त्र न्यायपालिकाको साख क्षय गरेको उदाहरिँदै छ । सरकारमा पुगेका राजनीतिक दलहरूको भागबन्डामा दशकौँसम्म न्यायपालिकाको नेतृत्व (प्रधानन्यायाधीश) कुन राजनीतिक पृष्ठभूमिबाट, के कुन राजनीतिक दलको भागबन्डामा परी न्यायाधीश बनेको व्यक्तिले सम्हाल्ने हो भन्ने हिसाब किताब गरेर न्यायाधीश नियुक्त हुन थालेको दर्जनौँ उदाहरण बन्यो ।

**न्यायिक स्वतन्त्रताका सर्तहरू**

न्यायिक स्वतन्त्रता संवैधानिक एवं कानुनी प्रावधानहरूबाट मात्र प्राप्त हुँदैन । यसका लागि केही आधारभूत न्यायिक सर्तहरू आवश्यक हुन्छ ।

**क) शक्ति पृथकीकरणको सिद्धान्त :**

कानुन निर्माण गर्ने, कानुनको कार्यान्वयन गर्ने र कानुनको व्याख्या गर्ने अधिकार एउटै व्यक्ति वा संस्थामा राखियो भने निरङ्कुश वा अलोकतान्त्रिक पद्धतिको विकास हुने खतरा प्रचुर हुने हुँदा सरकारका अन्य अङ्गहरू कार्यपालिका (मन्त्री परिषद्) र व्यवस्थापिका (संसद्) को हस्तक्षेप र प्रभावबाट न्यायपालिकालाई मुक्त राख्ने मन्टेस्क्यु प्रतिपादित सिद्धान्त शक्ति पृथकीकरणको सिद्धान्त न्यायिक स्वतन्त्रताका लागि आवश्यक पर्ने एक महत्त्वपूर्ण सर्त हो ।

**ख) न्यायाधीशको स्वतन्त्रता :**

अदालतको भवन र कार्यालय सरकारबाट स्वतन्त्र हुनु नै स्वतन्त्र न्यायपालिका भन्ने होइन । सक्षम, निडर र इमानदार न्यायाधीश पनि हुनु आवश्यक छ । जसले कुनै पनि निर्णय वा फैसला गर्दा कुनै पनि संस्थाप्रति झुकाव, डरत्रास, स्वार्थ नराखी संविधान र कानुनबमोजिम फैसला गर्न सक्ने क्षमता हुनु जरुरी छ ।

**ग) न्यायिक सर्वोच्चता :**

संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार अदालतमा रहनु नै न्यायिक सर्वोच्चता हो । जसलाई अर्को भाषामा न्यायिक पुनरावलोकन (Judicial Review) पनि भनिन्छ ।

**घ) न्यायिक स्वतन्त्रता बचाउ :**

न्यायपालिकासँग कार्यपालिकाको जस्तो सेना र प्रहरी शक्ति हुँदैन । जनताको विश्वास अर्थात् जनआस्था नै न्यायपालिकाको शक्ति हुने गर्दछ ।

**ङ) फैसला कार्यान्वयन :**

संविधान र कानुनको अन्तिम व्याख्या गर्ने निकाय न्यायालयले गरेका हरेक निर्णय, आज्ञा आदेश र फैसलाको हुबहु कार्यान्वयन हुनु जरुरी छ । अन्यथा न्याय प्रक्रिया अर्थहीन हुन्छ । त्यसैले अदालतका हरेक फैसला छिटो छरितो उचित एवं प्रभावकारी ढङ्गमा कार्यान्वयन हुनु पर्दछ ।

**च) न्यायिक उत्तरदायित्व :**

न्यायपालिका भ्रष्टाचारीहरूलाई दण्डित गर्न फैसला गर्ने निकाय हो । तर न्यायपालिकाभित्रै भ्रष्टाचार व्याप्त भयो भने कार्यपालिका, व्यवस्थापिकाबाट जनताले आफ्नो विश्वास गुमाएको अवस्थामा वा कार्यपालिकाले गैरकानुनीरूपमा जनतामाथि दमन, अन्याय अत्याचार गर्दाको अवस्थामा होस् वा व्यवस्थापिकाले जनविरोधी कानुन निर्माण गरेको अवस्थामा न्यायपालिकाले जनताको रक्षक भई न्याय दिन सक्ने हैसियत राख्दैन । त्यसैले भ्रष्टाचारमा शून्य सहनशीलताका साथ न्यायालय शुद्ध हुँदै न्यायिक उत्तरदायित्व निर्वाह गर्नु जरुरी हुन्छ ।

**सिंहदरबारको बाछिटा**

वर्तमान नेपालको संविधानको प्रस्तावनामै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्ध रहने उल्लेख छ ।

तर, स्वतन्त्र न्यायपालिकामा हुने न्यायाधीश नियुक्ति र सर्वोच्च अदालतले पछिल्लो केही वर्ष गरेका केही महत्त्वपूर्ण फैसला तथा केही रिट निवेदनहरूमा अहिलेसम्म फैसला एवं सुनवाइ नगरिएको अवस्थालाई हेर्दा न्यायपालिका आफैँले आफ्नो स्वतन्त्रता हनन गरेको आभास गरिन थालेको छ ।

न्यायाधीश नियुक्तिमा सत्तासीन राजनीतिक दलहरूको भागबन्डा छताछुल्ल हुन थालेको मात्रै होइन, दुर्गन्धित भएरै धेरै वर्ष बितिसके ।

तापनि न्यायालय सुधारका लागि गठित विभिन्न समितिहरूले तयार गरेका प्रतिवेदनहरू कार्यान्वयन गर्न सर्वोच्च अदालत फुल कोर्ट अग्रसर भएको छैन ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीशमाथि संसद्मा महाअभियोग दर्ता भएर निलम्बित अवस्थामै लामो समय प्रधानन्यायाधीश पद रिक्त भए । तर स्वतन्त्र न्यायपालिकालाई आफ्नै नेतृत्वमाथि लागेको महाअभियोगको प्रक्रिया कहाँ पुग्यो ? के भयो ? लगायतका कुरामा कुनै पनि चासो देखिएन ।

राज्यका विभिन्न संवैधानिक निकायहरूमा पदाधिकारीहरू नियुक्ति गर्न संविधानले प्रधानमन्त्रीको अध्यक्षतामा एउटा संवैधानिक परिषद् हुने व्यवस्था संविधानको धारा २८४ ले गरेको पाइन्छ । संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलका नेता, प्रतिनिधिसभाका उपसभामुखसहित ६ जना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ ।

तर प्रम केपी ओली हुँदा भागबन्डा नमिलेपछि विपक्षी दलका नेतालाई बाहेक गर्न संवैधानिक परिषद्सम्बन्धी ऐन, २०६६ लाई संसद् छलेर, अध्यादेशमार्फत ३ जना सदस्यले पनि निर्णय गर्न सक्ने गैरसंवैधानिक व्यवस्था गरेर विभिन्न संवैधानिक निकायहरूमा ५४ भन्दा बढी नियुक्ति गरियो ।

त्यस सम्बन्धमा सर्वोच्च अदालतमा रिट निवेदन परेको छ तर हालसम्म सुनुवाइको पालो आएको छैन । न्यायपालिकाको नेतृत्व प्रधानन्यायाधीश नै सिंहदरबारमा हाछ्युँ गर्दा आएका बाछिटाले प्रभावित पार्ने 'एस म्यान' अर्थात् 'हसबहादुर' हुँदा स्वतन्त्र न्यायपालिकाको मर्ममाथि पटक पटक प्रहार भइरहेको दु:खद अवस्था व्योहोर्न परेको छ ।

पछिल्लो पटक उच्च अदालतमा न्यायाधीश नियुक्त गर्ने सवालमा न्यायपरिषद् नियमावली नै संशोधन गरेर सर्वोच्च अदालत फुल कोर्टले न्यायसेवाबाट उच्च अदालतको न्यायाधीश नियुक्त हुने व्यक्ति सिनियर हुने व्यवस्था गरेकोमा नेपाल बार एशोसियसनले विरोध गर्दै आएको छ ।

निजामती कर्मचारीबाट न्यायालयको नेतृत्व प्रधानन्यायाधीश बनेका बखत कर्मचारीबाट नियुक्ति हुने न्यायाधीशलाई सिनियर बनाउनेले वकिलबाट नेतृत्वमा पुग्नेले पनि न्यायाधीश नियुक्ति गर्दा वकिलबाट नियुक्ति हुने न्यायाधीश सिनियर बनाउने गरी नियमावली संशोधन गर्न सकिने, महिला प्रधानन्यायाधीश हुँदा महिला न्यायाधीशलाई सिनियर बनाउने, कुनै जातको प्रधानन्यायाधीशले कुनै जातको न्यायाधीशलाई सिनियर बनाएर नियुक्ति गर्ने गरी नियमावली संशोधन गर्न सक्छ भन्ने बुझ्न जरुरी देखेन ? भन्ने प्रश्न उठेको छ ।

यसलाई स्वतन्त्र न्यायपालिकाले 'आफ्नै खुट्टामा बन्चरो हान्ने' प्रसङ्गसँग तुलना गरेर हेर्ने गरेको छ । त्यसैले स्वतन्त्र न्यायपालिकाको साख जोगाउन न्यायपालिका आफैले पनि र सत्तासीन राजनीतिक दलहरूले पनि आफूलाई सुधार्नु जरुरी छ । स्वतन्त्र न्यायपालिकाको श्री क्षय गर्ने दोषीहरू हालसम्म सरकारमा पुगेका राजनीतिक दलहरू नै हुन् भन्दा फरक पर्दैन । न्यायालयभित्र र नेपाल बार एशोसियसनभित्रका बिचौलियाहरूको बिगबिगीका कुरा त निकै चर्को सुनिएकै छ ।


मुहान नै दूषित रहेसम्म तल बग्ने पानी स्वच्छ हुँदैन भनेझैँ न्यायाधीश नियुक्ति गर्ने न्यायपरिषद्, न्यायपरिषद्का सदस्यहरूबाटै सुधारको पहलकदमी चलाउनुपर्ने देखिनुका साथै आवश्यक परे न्यायपरिषद्सम्बन्धी संवैधानिक व्यवस्थामै सुधार गर्नु जरुरी देखिन्छ ।

२०८० चैत २५

# चीन - संरा अमेरिका व्यापार युद्धबारे
# सन् २०१९ जून महिनाको प्रकाशित श्वेतपत्रको भूमिका

**ग) संरा अमेरिका आफ्नो प्रतिबद्धताबाट तेस्रोपटक पछि हट्दा**

सन् २०१८ नोभेम्बर १ का दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सि चिनफिङसँग टेलिफोन वार्ता गरे र शिखर वार्ताको प्रस्ताव अगाडि सारे । डिसेम्बर १ का दिन अर्जेन्टिनामा जी २० सम्मेलनको पूर्वसन्ध्यामा दुई राष्ट्रपतिबिच भेटघाट भयो । आर्थिक एवं व्यापार मुद्दामा दुई राष्ट्रपतिबिच महत्त्वपूर्ण समझदारी बन्यो । थप भन्सार दर पूर्णरूपमा अन्त्यका लागि सघन छलफल गर्ने वातावरणका निम्ति ९० दिनसम्मका लागि बढेको भन्सार दर लागु नगर्ने सहमति दुवै पक्षबिच भयो । त्यो ९० दिनका दौरान पेइचिङ र वासिङटनमा गरी चिनियाँ र संरा अमेरिकी उच्चस्तरीय वार्ता टोलीबिच तीन चरणमा छलफल भयो । चीन - अमेरिकाबिचको आर्थिक एवं व्यापारको सिद्धान्तसँग सम्बन्धित कैयौँ पक्षहरूमा प्रारम्भिक सहमति बन्यो । सन् २०१९ फेब्रुअरी २५ का दिन संरा अमेरिकाले २०० अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामग्री आपूर्तिमा लगाउने भनिएको थप भन्सार दर स्थगनको अन्तिम दिन मार्च १ को म्यादलाई पछाडि सार्ने घोषणा गऱ्यो । मार्च अन्तिमदेखि अप्रिलको सुरुआती दिनसम्म वार्ता टोलीले थप तीन चरणका उच्चस्तरीय वार्ता सम्पन्न गर्दै उल्लेख्य प्रगति हासिल गऱ्यो । कैयौँ चरणका वार्ताको फलस्वरूप दुई देशले अधिकांश मुद्दाहरूमा सहमति बनाउन सफल भयो । सहमति जुट्न बाँकी विषयका सन्दर्भमा, चीन सरकारले समस्या समाधानका लागि आपसी समझदारी र सम्झौता गर्न आग्रह गऱ्यो । तर, संरा अमेरिकाले औँला दिँदा डुँडुलो निल्ने व्यवहार देखायो । धम्की र बलको भाषा दोहोऱ्यायो । अनुचित मागहरूमा अडिग रह्यो । व्यापार सङ्घर्षको सुरुआती दिनहरूको थप भन्सार दर थोपर्ने पूर्व अडान दोहोऱ्यायो । समझदारीका लागि चीनको सार्वभौमिकतामा आँच पुऱ्याउने खालका विषयलाई अनिवार्य सर्तका रूपमा अगाडि साऱ्यो । जसको परिणाम समझदारी हुन बाँकी फरक मत सम्बोधन गर्न ढिलाइ भयो । सन् २०१९ मे ६ का दिन गैरजिम्मेवारीपूर्वक संरा अमेरिकाले चीन आफ्नो अडानबाट पछि हटेको झूटा आरोप लगायो र वार्ता निष्कर्षविहीन भएको दोष चीनमाथि लगायो । चीनको कडा विरोध भए तापनि संरा अमेरिकाले २०० अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामग्री आयातमा भन्सार दर १० प्रतिशतबाट २५ प्रतिशत वृद्धि गऱ्यो । जसको परिणाम आर्थिक एवं व्यापार परामर्शमाथि गम्भीर अवज्ञा भएको महसुस गरियो । मे १३ का दिन संरा अमेरिकाले ३०० अर्बको चिनियाँ सामग्रीमाथि थप भन्सार दर थोपरेर चीनलाई झापड हिर्काएको घोषणा गऱ्यो । सो कदमले व्यापार युद्ध समाधान गर्न दुई देशका राष्ट्रपतिबिच सम्पन्न परामर्श र सारा संसारका जनताको अपेक्षाविपरीत दुई देशबिचको आर्थिक एवं व्यापार परामर्श र विश्व अर्थतन्त्र विकासलाई छायामा पाऱ्यो । आफ्नो हितको रक्षा गर्नका निम्ति चीनले यसको जवाफमा अमेरिकी सामग्री आयातमा थप भन्सार दरको उपाय अवलम्बन गर्नुपऱ्यो ।




*(यसैबिच सन् २०१९ जून २ आइतबारका दिन अर्थात् व्यापार युद्ध सुरु भएको ३३२ औँ दिन चीनको राज्य परिषद् सूचना कार्यालयले 'चीन-अमेरिका आर्थिक तथा व्यापारिक परामर्शमा चीनको अडान' शीर्षकमा श्वेतपत्र जारी गऱ्यो । श्वेतपत्रमा करिब एक वर्ष अघिदेखि चीन अमेरिकाबिच जारी व्यापार युद्धका घटना र यस अवधिमा दुई देशबिच सो सम्बन्धमा भएका दर्जनौँ उच्चस्तरीय वार्ताबारे विस्तृत चित्रण गरिएको छ । वार्ताको समयमा भएका विभिन्न समझदारी र आफ्नै प्रतिबद्धताबाट संरा अमेरिका पटक-पटक पछि हटेको उल्लेख गर्दै वार्ता निष्कर्षहीन भएको र परामर्शको वातावरण बिग्रिनु पछाडि संरा अमेरिका नै पूर्णरूपमा जिम्मेवार भएको उल्लेख छ । इतिहास साक्षी छ, व्यापार युद्धबाट कसैको हित भएको छैन । ठूला अर्थतन्त्रबिचका यस्ता सङ्घर्षले सारा विश्वका जनता प्रताडित छन् । तसर्थ, चीन अमेरिकाबिच जारी व्यापार युद्ध वार्ता र परामर्शबाट समाधान गरी यी दुई देशमात्र नभई सारा संसारका जनताको हित गर्ने चिनियाँ अडान जायज छ । व्यापार युद्धमा चिनियाँ सरकारको व्यवहार र उपस्थिति अत्यन्त जिम्मेवारीपूर्ण र परिपक्व खालको छ ।)*

**घ) चीन-संरा अमेरिका आर्थिक एवं व्यापार परामर्शमा भएको गम्भीर परिणामको सम्पूर्ण जिम्मेवारी संरा अमेरिकी सरकारले व्यहोर्नुपर्छ ।**

चीन पछि हटेको भन्ने संरा अमेरिकी सरकारको आरोप पूर्णत: आधारहीन छ । परामर्शको अवधिमा केही अंश र भाषा समायोजन गर्ने उद्देश्यले दुवै पक्षले नयाँ प्रस्ताव तयार गर्ने अभ्यास सामान्य हो । पछिल्ला १० भन्दा धेरैपटक भएका वार्ताहरूमा संरा अमेरिकाले आफ्ना मागहरू परिवर्तन गऱ्यो । वार्ता भइरहेको अवस्थामा चीनलाई 'पछाडि हट्यो' भनी आरोप लगाउनु अविवेकी (Reckless) हुन्छ । इतिहास साक्षी छ, हिलो छ्याप्ने, न्यून आकलन (Undermining), अत्यधिक दबावजस्ता चतुऱ्याइँद्वारा बलपूर्वक पेल्ने कोसिसले सहकार्यको सम्बन्ध बिगार्नेसिवाय केही उपलब्धि हुँदैन । यसबाट ऐतिहासिक अवसरसमेत गुम्नेछ । एक सभ्य देशले बल प्रयोगको उपाय तब अवलम्बन गर्छ, जब शान्तिपूर्ण प्रयत्नहरू असफल हुन्छन् । संरा अमेरिकी नयाँ भन्सार दरको धम्कीपछि परामर्शका निम्ति चीनले संरा अमेरिकाको भ्रमण रद्द गर्ला भन्ने चासो अन्तर्राष्ट्रिय समुदायबिच व्यापक थियो । चीन-संरा अमेरिकाबिच व्यापार वार्ताको भविष्यको दिशाबारे अन्तर्राष्ट्रिय समुदायले नजिकबाट नियाल्यो । दुई देशबिचको व्यापार तथा आर्थिक सम्बन्धको बृहत् हितलाई ध्यानमा राखेर चीनले आफ्नो शान्त स्वभाव र सदाझैँ आत्म-नियन्त्रण प्रदर्शन गऱ्यो । यसअघिको समझदारीबमोजिम एघारौँ चरणको आर्थिक तथा व्यापारिक परामर्शका निम्ति मे ९ र १० का लागि वरिष्ठ अधिकारी संरा अमेरिका पठाइयो । चीनले वार्तामार्फत व्यापार असमझदारी समाधान गर्न उच्चत्तम इमानदारी र अत्यन्त जिम्मेवारीबोधको भावना प्रदर्शन गऱ्यो । त्यसपछिका स्पष्ट र रचनात्मक छलफलमा दुवै पक्षले विमतिहरू व्यवस्थापन गर्ने र परामर्शलाई निरन्तरता दिने सहमति गरे । चीनले संरा अमेरिकी एकतर्फी भन्सार वृद्धिको कडा विरोध गऱ्यो र आवश्यक प्रतिकारको उपाय अवलम्बन गर्ने बलियो अडान राख्यो । व्यापार सम्झौता समानता र आपसी हितका आधारमा हुनुपर्ने आफ्नो धारणाप्रति चीनले पुन: जोड दियो । चीनले आफ्नो प्रमुख चासोसँग सम्बन्धित मुख्य सिद्धान्तमा सम्झौता कदापि गर्नेछैन । व्यापार सम्झौताको एक पूर्वसर्त भनेको संरा अमेरिकाले चिनियाँ आयातमा थोपरेको सम्पूर्ण थप भन्सार हटाउनुपर्छ र चीनले आयात गर्ने संरा अमेरिकी सामग्री पहिलेजस्तै हुनुपर्छ भन्ने हो । दुवै पक्षको साझा हितको उद्देश्य पूर्ति गर्ने समझदारीको भाषा सन्तुलित हुनुपर्छ ।

**खण्ड : तीन**

**समानता र आपसी लाभको आधारशीलामा विश्वसनीय परामर्श गर्न चीन सदा प्रतिबद्ध छ ।**

व्यापार युद्ध र लगातारको भन्सार वृद्धिले व्यापार एवं आर्थिक मुद्दाहरू समाधान गर्छ भन्ने तर्कलाई चिनियाँ सरकार अस्वीकार गर्छ ।

यी मुद्दाहरू सल्टाउन, दुई पक्षबिचको भिन्नता साँघुरो बनाउँदै लग्न, साझा चासो तथा उद्देश्यलाई विस्तार गर्न र विश्वव्यापी आर्थिक स्थिरता एवं विकासलाई संयुक्तरूपमा जोगाउन दुवै देश भरोसा र विश्वसनीयताको आधारमा, आपसी सम्मान, समानता र आपसी लाभको भावनासहित परामर्शको माध्यमबाट अघि बढ्न जरुरी छ ।

**१) परामर्श आपसी सम्मान, समानता र आपसी लाभमा आधारित हुनुपर्छ**

चीन र संरा अमेरिकाजस्तो विशाल आर्थिक एवं व्यापारको धरातल भएका देशहरूले आर्थिक एवं व्यापार सहकार्यमा केही असमझदारी बढ्नुलाई स्वाभाविक मान्नुपर्छ । यद्यपि, महत्त्वपूर्ण पक्ष भनेको आपसी विश्वास कसरी जगाउने भन्ने हो, सहकार्य कसरी पुन: जोड्ने र भिन्नताहरू कसरी व्यवस्थापन गर्ने भन्ने हो । दुई पक्षको भलाइका निम्ति र विश्वव्यापी आर्थिक व्यवस्था भत्कन नदिन चीनले आर्थिक एवं व्यापार परामर्शलाई अगाडि बढाउन निकै कडा मिहिनेत र परिपक्व भूमिका खेलेको सत्य हो । चीन समस्याको समाधान छलफल र वार्ताबाटै हुनसक्छ भन्ने पक्षमा अडिग रह्यो । उसले संरा अमेरिकी चासोका विषयहरूलाई धैर्य र इमानदारीपूर्वक प्रतिक्रियाहरू दिइरहेको थियो । सहनशीलता र इमानदारीका साथ प्रतिवाद गरिरह्यो । साझा धरातलको खोजी गर्दै भिन्नताहरूलाई राम्रोसँग व्यवस्थापन गरिरह्यो । साथै आउन सक्ने बाधा-अड्चन हटाउन वैज्ञानिक र व्यवहारिक समाधानको खोजी गरिरह्यो । परामर्शका दौरान चीनले आपसमा स्वीकार्य हुने सम्झौताको बिन्दुमा पुग्ने मनसायलाई प्राथमिकतामा राख्यो, आपसी सम्मान, समानता र आपसी लाभको सिद्धान्तकै आधारमा टेकेर सो साझा बिन्दुको खोजी गऱ्यो । आपसी सम्मानको अर्थ एक पक्षले अर्को पक्षसँग जोडिएका सम्पूर्ण सामाजिक मूल्य मान्यताहरू, आर्थिक प्रणाली, विकासको मार्ग र अधिकार, प्रमुख चासोहरूको पनि सम्मान गर्नु हो । यसको अर्थ यो पनि हो कि एकले अर्काको 'खतराको सीमा या लक्ष्मण रेखा' पार गर्नु हुँदैन । विकासको अधिकारलाई लत्याउन सकिन्न साथै सार्वभौमिकता कमजोर पार्ने कार्य गरिनु हुँदैन । यो कुरामा ध्यान दिन सकिए आपसी सम्मानको अर्थ सार्थक हुन्छ ।

समानता र आपसी सम्मानको सन्दर्भमा, परामर्श गर्दा दुई पक्षको समान उपस्थिति रहने सुनिश्चिता हुनुपर्दछ । प्रतिफल, आपसमा फाइदा हुने खालको हुनुपर्छ र कुनै पनि सम्झौता जीत-जीत सिद्धान्तको धरातलमा हुनुपर्दछ । यदि एउटा पक्षले मात्र पहल गरिरहने र एउटैमात्र पक्षले सधैँ फाइदा लुट्न खोजिरहने मानसिकता रहेसम्म वार्ता कहिल्यै सफल हुँदैन ।

**२) आपसी परामर्शमा असल मनसायबाट समान उद्देश्यका लागि कार्य गरिन्छ ।**

परामर्शले दुवै पक्षबाट आपसी समझदारी र साँचो प्रयासको आह्वान गर्छ । दुई पक्ष छलफलबाटै सहमति र सम्झौता खोज्ने प्रक्रियाको नाम नै परामर्श हो । असली परामर्शमा थुप्रै विषय र कारकले भूमिका खेल्दछ । आपसी परामर्शको दौरानमा विभिन्न चरणहरूमा भएका परिवर्तनहरूमा आफ्नो चासोअनुरूप भिन्नाभिन्नै प्रतिक्रिया दिनु स्वाभाविक हो ।

समस्या समाधानका लागि आर्थिक र व्यापारिक परामर्श एक प्रभावकारी माध्यम हो भन्ने विषयमा चिनियाँ सरकार विश्वस्त छ । यसको लागि सद्भावसहितको संलग्नता र एक अर्काको स्थानबारे स्पष्ट बुझाइले मात्र सफलता प्राप्त हुन्छ ।

अन्यथा दिगो र सशक्त सम्झौतासम्म पुग्न निकै कठिन हुनेछ, दुवै पक्षलाई दीर्घकालीन र प्रभावकारी सम्झौताको लागि उपयुक्त धरातल भेटाउन मुश्किल पर्नेछ । असल मनसाय नै परामर्शको जग हो । यी परामर्शहरूमा चिनियाँ सरकारको संलग्नता, विश्वसनीयता र उच्च इमानदारीको आधारमै भएको हो । संरा अमेरिकाका चासोहरूलाई ठूलो महत्त्व दिएर चीनले प्रभावकारी मार्ग निर्माण गर्ने र भिन्नताहरूको सम्बोधन गर्न अगुवाइ गऱ्यो । ११ चरणको उच्चस्तरीय परामर्शहरूले महत्त्वपूर्ण प्रगति गरेको देखिन्छ । परिणामस्वरूप ती परामर्शले चीनका चासोको मात्र होइन संरा अमेरिकाको चासोहरूको पनि सम्बोधन गऱ्यो । एउटै दिशामा उद्देश्यकेन्द्रित गर्न सघायो । चीनले परामर्शको दौरानमा आफ्नो वचन कायम राख्यो । चीनले जोड दियो, "यदि व्यापार सम्झौता टुङ्गोमा पुग्यो भने चीनले आफ्नो प्रतिबद्धता इमानदारीपूर्वक र विश्वसनीय ढङ्गले पूरा गर्नेछ ।"

**३) सिद्धान्तको हकमा चीनले कहिल्यै हस्तक्षेप स्वीकार्दैन**

प्रत्येक देशको आफ्नै सिद्धान्त हुन्छ । परामर्शको दौरानमा देशको सार्वभौमिकता र स्वाभिमानको सम्मान गरिनुपर्छ । दुई पक्षबिचको सम्झौता समानता र आपसी लाभको आधारमा हुनुपर्छ । सिद्धान्तका प्रमुख सवालहरूमा चीन कहिल्यै पछि हट्ने छैन । चीन र संरा अमेरिका दुवैले राष्ट्रिय विकास, विकासका चरणमा देशीय भिन्नताको पहिचान, एक अर्काको विकास मार्ग र आधारभूत अवधारणाहरूको सम्मान गर्न आवश्यक छ । सबै मुद्दाहरू एउटै सम्झौताबाट नसुल्झन सक्छ । तर, प्रत्येक सम्झौताले दुई पक्षको आवश्यकता पूरा गर्ने र सन्तुलन कायम गर्ने प्रतिबद्धता गर्न सक्नुपर्छ ।

चिनियाँ वस्तुमा संरा अमेरिकाले हालै गरेको भन्सार दर वृद्धिले दुईपक्षीय व्यापार मुद्दाहरू सुल्झाउन सहयोग गर्दैन । चीन यसप्रति कडा भर्त्सना गर्दछ । आफ्नो कानुनी अधिकार र उद्देश्य जोगाउन चीन प्रतिकार गर्न बाध्य छ । भन्सार वृद्धिबाट समाधान कहिल्यै निस्कन्न । समाधानका लागि वार्ता नै अचुक उपाय बन्न सक्छ । आफ्नो अडानमा चीन स्थिर र स्पष्ट छ । चीनले चिनियाँ जनता, अमेरिकी जनता र विश्वका सम्पूर्ण जनताको हितमा कार्य गर्छ । चीन कसैको दबाबसामु झुक्ने छैन बरु आएका सम्पूर्ण चुनौतीको सामना गरी अगाडि बढ्नेछ । चीन वार्ताको लागि खुला छ तर आवश्यक परे अन्तिम दमसम्म लड्न पनि तयार छ ।

**४) कुनै पनि चुनौतीले चीनको विकास रोक्ने सामर्थ्य राख्दैन**

चीनको विकास यात्रा सजिलो र सरल रेखामा नजान सक्छ । कठिनाइ र खतरनाक व्यवधानहरू यात्राका स्वाभाविक पाटा हुन् । भविष्यले जतासुकै डोऱ्याए पनि चीन चुनौतीसँग सामना गर्न, जोखिमहरूलाई अवसरमा बदल्न र विकासका नयाँ अध्याय खुला गर्न विश्वस्त छ ।

जस्तोसुकै बाहिरी वातावरण प्रतिकूल रहे पनि, परिवर्तन भए पनि चीन आफ्नो लक्ष्यप्रति प्रतिबद्ध छ । सुधार र खुलापनको तीव्र वृद्धिसँगै आर्थिक तथा व्यापार तनावका आधारभूत समाधानहरू पनि भेटिनेछन् । घरेलु बजारको अत्यधिक माग र पूर्ति-पक्षको व्यापक संरचनात्मक सुधारले चिनियाँ उत्पादन र कम्पनीहरूको प्रतिस्पर्धी क्षमतालाई व्यापक विस्तार गर्नेछ । हामीसँग अझै पुग्दो समय सुहाउँदो वित्तीय र मौद्रिक नीति, योजनाहरू छन् । दिगो र स्वस्थ आर्थिक विकासका लागि चीनले स्वस्थ गति कायम गर्न सक्दछ र यसको आर्थिक सम्भावना पनि उज्यालो छ ।

चीनले सुधार र खुलापनलाई निरन्तर अगाडि बढाउनेछ । चीनको ढोका कहिल्यै बन्द हुनेछैन बरु अझ चौडा खुला गरिनेछ । राष्ट्रपति सी चिङफिङले अन्तर्राष्ट्रिय सहकार्यका लागि क्षेत्र तथा मार्ग मञ्चको उद्घाटन समारोहमा प्रमुख अतिथिको मन्तव्यमा बोल्नुभएको थियो, "चीनले असङ्ख्य सुधार र खुलापनका उपायहरू अवलम्बन गर्नेछ । संस्थागत र संरचनागत प्रबन्ध बलियो बनाइनेछ । उच्च तहसम्म खुलापनको नीति विस्तार गरिने छ ।" बृहत् क्षेत्रहरूमा विदेशी लगानीका लागि बजार पहुँच विस्तार गर्ने, बौद्धिक सम्पत्ति सुरक्षणमा अन्तर्राष्ट्रिय सहकार्य बलियो बनाउने, वस्तु र सेवाको आयात वृद्धि गर्ने, खुलापनका नीतिहरू कार्यान्वयनमा बढी जोड र बृहत्-आर्थिक नीतिहरूमा प्रभावकारी अन्तर्राष्ट्रिय सहकार्य लागु गर्न जोड दिने जस्ता केही उपायहरू अवलम्बन गरिनेछन् । जति धेरै चीन खुला हुनसक्यो त्यति धेरै विश्वजगतसँग चीनको अन्तरक्रिया बढ्नेछ, जसले चीनलगायत विश्वको विकास र समृद्धिमा अतुलनीय योगदान पुऱ्याउनेछ ।

**उपसंहार**

चीन र संरा अमेरिकाका लागि सहकार्य नै मात्र उचित छनोट हुनसक्छ । राम्रो भविष्यको मार्ग जीत-जीत नीतिले नै कोर्नेछ । चीन-संरा अमेरिकी आर्थिक र व्यापार परामर्शहरू अगाडि बढेदेखि चीन पछाडि हटेको छैन, अझ अग्रगामी पाइला चाल्दै छ । अन्ततोगत्वा, व्यापार एवं आर्थिक मामिलाका विवाद र द्वन्द्व, छलफल र परामर्शबाटै सल्टाउन जरुरी छ । आपसी लाभ र जीत-जीत सम्झौताले नै मात्र चीन-संरा अमेरिकाको उद्देश्य पूरा हुन्छ र विश्वको अपेक्षा पूरा गर्न सकिन्छ । आशा गर्न सकिन्छ कि संरा अमेरिका पनि चीनसँग एउटै उद्देश्यउन्मुख मार्गमा सरिक हुनेछ । आपसी सम्मान, समानता र आपसी लाभको भावनाको सम्मान गर्ने, आर्थिक एवं व्यापार भिन्नताहरूको व्यवस्थापन गर्ने, व्यापार र आर्थिक सहकार्य बलियो बनाउने, सहकार्यको जगमा उठेको चीन-संरा अमेरिकी सम्बन्ध संयुक्तरूपमा व्यापक बनाउने, दुई देश र विश्व जगतको भलाइका निम्ति सहकार्य र स्थायित्व कायम गर्ने जस्ता समाधानका उपायहरूमा चीनसँगै संरा अमेरिका पनि उभिने आशा गर्न सकिन्छ ।

***China's Position on the China - US Economic and Trade Consultations***
***June, 2019***
***The State Council Information Office of The People's Republic of China***

**अनुवाद : हौसला**

**समाप्त**

# चीनका शीर्ष विधायकद्वारा प्रजग कोरियाका वरिष्ठ अधिकारीसँग भेट




सोल, १२ अप्रिल (एएफपी) । चीनका एक शीर्ष विधायकले यसै साता प्योङयाङको भ्रमणका क्रममा सहयोगबारे छलफलका लागि प्रजग कोरियाका एक वरिष्ठ अधिकारीसँग भेट गरेको प्रजग कोरियाली राज्य मिडिया केसीएनएले शुक्रबार बताएको छ । उक्त भेट वर्षौंमा दुई सहयोगीबिच सबैभन्दा उच्चस्तरीय भेटमध्येको एक थियो ।

चिनियाँ कम्युनिष्ट पार्टीको पोलिटब्युरोको शक्तिशाली स्थायी समितिका सदस्य तथा पेइचिङका तेस्रो उच्चपदस्थ अधिकारी झाओ लेजी दुई मुलुकबिचको कूटनीतिक सम्बन्धको ७५ औं वार्षिकोत्सवका अवसरमा आणविक हतियार सम्पन्न प्रजग कोरियाको सद्भावना भ्रमणमा हुनुहुन्छ ।

चीन प्रजग कोरियाको सबैभन्दा महत्त्वपूर्ण आर्थिक हितैषी र कूटनीतिक सहयोगी हो । प्रजग कोरियाली नेता किम जोङ उनको बढ्दो हतियार परीक्षणको जवाफमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा उहाँको शासनमाथि कडा प्रतिबन्ध लगाउने अमेरिकी नेतृत्वको प्रयासलाई रुससँग मिलेर चीनले सामना गरिरहेको छ ।

झाओले बिहीबार प्रजग कोरियाली राजधानी पुगेर आफ्ना समकक्षी चोए र्‍योङहेसँग भेट गर्नुभएको केसिएनएले बताएको छ । भेटमा उहाँले 'राजनीति, अर्थतन्त्र र संस्कृतिलगायत सबै क्षेत्रमा आदानप्रदान र सहयोग' बारे छलफल गर्नुभएको छ । विज्ञप्तिमा भनिएको छ, "छलफलका क्रममा आपसी चिन्ताका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दाबारे विचार आदानप्रदान भयो ।"

राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री लि छियाङपछि झाओ चीनको तेस्रो उच्चपदस्थ अधिकारी हुनुहुन्छ । राष्ट्रपति सीले अन्तिमपटक प्रजग कोरियाली नेता किमसँग सन् २०१९ मा कोभिड–१९ महामारी सुरु हुनुअघि भेट गर्नुभएको थियो । यसबाट झाओ र चोएबिच प्योङयाङको बैठक धेरै वर्षमा सबैभन्दा उच्चस्तरीय बैठकमध्ये एक भएको छ ।

झाओको भ्रमणमा किमको पेइचिङको आगामी सम्भावित राजकीय भ्रमणको योजना समावेश हुनसक्ने दक्षिण कोरियाली स्थानीय सञ्चारमाध्यममा बताइएको छ । चीनको सरकारी समाचार एजेन्सी सिन्हुवाका अनुसार दुवै अधिकारीले 'कोरियाली प्रायःद्वीपको अवस्था' बारे चर्चा गर्नुभयो र झाओले 'विधायक आदानप्रदान तथा सहयोगलाई गति दिने' पेइचिङको इच्छा व्यक्त गर्नुभयो ।

"चोए र झाओले 'चीन र उत्तर कोरियाबिच कूटनीतिक भिसाको आपसी छुट, क्लासिक कार्यहरूको आपसी अनुवाद र प्रकाशन, भन्सार र क्वारेन्टाइन, रेडियो र टेलिभिज तथा हुलाक एक्सप्रेस डेलिभरी' का क्षेत्रमा 'सान्दर्भिक सहयोग दस्तावेजहरूमा' हस्ताक्षर गर्नुभयो," सिन्हुवाले भनेको छ ।

# मध्यपूर्वमा 'रचनात्मक भूमिका' निर्वाह गर्न चीनको संरा अमेरिकालाई आग्रह

पेइचिङ, १२ अप्रिल (एएफपी) । चीनले शुक्रबार संयुक्त राज्य अमेरिकालाई मध्यपूर्वमा 'रचनात्मक भूमिका' निर्वाह गर्न आग्रह गरेको छ । चीनका विदेशमन्त्री वाङ यीले आफ्ना अमेरिकी समकक्षी एन्टोनी ब्लिङ्केनसँग टेलिफोन वार्तामा उक्त आग्रह गर्नुभएको हो ।

ब्लिङ्केनले पेइचिङसँग इरानलाई इजराइलमा हमला रोक्नका लागि आफ्नो प्रभाव प्रयोग गर्न आग्रह गर्नका लागि फोन गर्नुभएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । अप्रिल १ मा भएको इजराइली हमलामा दमास्कसमा इरानी कूटनीतिक भवन ध्वस्त भएपछि तेहरानको प्रतिशोधले चिन्ता बढाएको छ ।

शुक्रबार टेलिफोन वार्ता भएको चीनले पुष्टि गरेको छ । चिनियाँ विदेशमन्त्री वाङले कूटनीतिक संस्थाहरूको सुरक्षाको 'अल्लङ्घनीय' अधिकार र इरान तथा सिरियाको सार्वभौमिकताको सम्मान गर्ने आवश्यकतामाथि जोड दिँदै 'हमलाप्रति चीनको कडा निन्दा व्यक्त' गर्नुभयो ।

चीनका विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भन्नुभयो, "चीनले मध्यपूर्व मुद्दाको समाधानमा रचनात्मक भूमिका निर्वाहलाई जारी राख्नेछ र स्थितिलाई शान्त बनाउन योगदान गर्नेछ । विशेषगरी संयुक्त राज्य अमेरिकाले रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ ।"

इरानको मौलवी नेतृत्वले हमलाको जवाफी हमला गर्ने वाचा गरेको छ । दूतावासमा भएको हमलामा दुई जनरलसहित इरानको रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए ।

अमेरिकाले चीनसँग हमासको समर्थन गर्ने इरानमाथि दबावसहित सङ्कट समाधानका लागि थप प्रयास गर्न बारम्बार सार्वजनिक अपिल गरेको छ । बदलामा पेइचिङले इजराइलप्रति पक्षपाती भएको भन्दै अमेरिकाको आलोचना गरेको छ ।

प्रवक्ता माओले शुक्रबार भन्नुभयो, "बढाइको यो क्रम गाजा सङ्घर्षबाट फैलिएको पछिल्लो अभिव्यक्ति हो र गाजा सङ्घर्ष चाँडोभन्दा चाँडो समाप्त गर्न जरुरी छ ।" उहाँले पेइचिङले तत्काल युद्धविरामको आह्वान गरिरहेको बताउनुभयो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार गाजा युद्ध सञ्चालनका लागि इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको आलोचना गरे पनि इजराइलको सुरक्षाका लागि अमेरिकी समर्थन 'दृढ' रहेको बताउनुभएको थियो ।

# दक्षिण कोरियाद्वारा दसौँपटक नीतिगत दर स्थिरीकरणको प्रयास

सोल, १२ अप्रिल (सिन्हुवा) । दक्षिण कोरियाको केन्द्रीय बैङ्कले शुक्रबार मुद्रास्फीति र घरेलु ऋणको अनिश्चितताका बिच लगातार दसौँपटक नीतिगत दरलाई स्थिर बनाएको छ ।

बैङ्क अफ कोरिया (बिओके) का गभर्नर री चाङ–योङ र अन्य मौद्रिक नीति निर्माताहरूले सात दिवसीय पुनर्खरिद दरलाई तीन दशमलव पाँच प्रतिशतमा अपरिवर्तित राख्ने सर्वसम्मतिले निर्णय गर्नुभएको छ । यो बजारको अपेक्षाअनुरूप थियो ।

कोरिया फाइनान्सियल इन्भेस्टमेन्ट एसोसिएसनका एक सय निश्चित आय विशेषज्ञको सर्वेक्षणअनुसार ९८ प्रतिशतले यो महिना दर स्थिर हुने भविष्यवाणी गरिएको छ ।

बिओकेले सन् २०२१ अगस्ट र सन् २०२३ जनवरीको बिचमा नीतिगत दरमा तीन प्रतिशत अङ्कको बढोत्तरीपछि यस वर्षको जनवरी र फेब्रुअरीमा तथा गत वर्ष सातपटक दरलाई रोकेको थियो । अझै पनि उच्च मुद्रास्फीति र ठूलो मात्रामा घरेलु ऋणजस्ता बाँकी अनिश्चितताबिच दरमा लगातार गिरावट आएको छ ।

गभर्नर रीले पत्रकार सम्मेलनमा उपभोक्ता मूल्य मुद्रास्फीति यस वर्षको अन्त्यसम्ममा दुई दशमलव तीन पुग्न सक्छ वा सक्तैन भन्ने महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले मुद्रास्फीति दुई दशमलव तीन प्रतिशतभन्दा माथि रहयो भने यस वर्षको दोस्रो छ महिनामा ब्याज दरहरूमा कटौती गर्न कठिन हुनसक्ने बताउनुभयो ।

मार्चमा उपभोक्ता मूल्य एक वर्षअघिको तुलनामा तीन दशमलव एक प्रतिशतले बढेको छ । यो लगातार दोस्रो महिना तीन प्रतिशतभन्दा माथि छ । यो बिओकेको दुई प्रतिशतको मध्यावधि मुद्रास्फीति लक्ष्यमा उच्च अवस्थामा रहेको छ ।

सन् २०२२ जुलाईमा छ दशमलव तीन प्रतिशतको उच्च अवस्थामा पुगेपछि कुल मुद्रास्फीतिमा गिरावट आइरहेको थियो र गत वर्ष जुलाईमा यो दुई दशमलव चार प्रतिशतको तल्लो स्तरमा झरेको थियो ।

हालैका महिनाहरूमा कृषि उत्पादनको मूल्यमा भएको वृद्धिले मुद्रास्फीतिको दबाब बढेको छ । यो मार्चदेखि लगातार दोस्रो महिनामा २० प्रतिशतभन्दा धेरै भएको छ । कृषि उत्पादनको मूल्य र विश्वव्यापी तेलको मूल्यमा भएको वृद्धिका कारण फेब्रुअरी र मार्चमा उपभोक्ता मूल्य मुद्रास्फीति तीन दशमलव एक प्रतिशतमा रहेको बिओकेले जनाएको छ ।

उपभोक्ता मूल्य मुद्रास्फीति बिस्तारै मध्यम हुने अपेक्षा गरिए पनि भूराजनीतिक जोखिम, विश्वव्यापी तेलको मूल्य र कृषि उत्पादनको मूल्यका कारण मुद्रास्फीति दृष्टिकोणमा अनिश्चितता बढेको बैङ्कले उल्लेख गरेको छ ।

# म्यान्मामा झडपपछि थाई विदेशमन्त्रीद्वारा सीमावर्ती सहरको भ्रमण

माई सोट (थाइल्यान्ड), १२ अप्रिल (एएफपी) । धेरै दिनको झडपहरूपछि थाइल्यान्डका विदेशमन्त्री शुक्रबार म्यान्माको सीमा भ्रमणका लागि आइपुग्नुभएको मन्त्रालयले बताएको छ । झडपले छिमेकी मुलुक म्यान्मामा एउटा महत्त्वपूर्ण व्यापारिक केन्द्रमा जुन्ता सेनालाई उसको स्थानबाट विस्थापित गरेको छ ।

म्यान्माको सेना र जातीय अल्पसङ्ख्यक सशस्त्र समूहहरूबिचको लडाइँले यो साता सीमावर्ती सहर म्यावाडीलाई हल्लाएको छ । लडाइँका कारण यस सहरका बासिन्दाहरू थाइल्यान्डतिर भागिरहेका छन् । सहरमा तोप र गोलीका आवाज सुन्न सकिन्छ ।

म्यान्मामा सेनाले सन् २०२१ मा गरेको सैन्य विद्रोहबाट उत्पन्न सङ्घर्षका कारण नियमितरूपमा बासिन्दाहरू दुवै मुलुकबिचको दुई हजार चार सय किलोमिटर सीमा पार गरेर भाग्ने गर्दछन् । विदेशमन्त्री पर्णप्री बहिधा–नुकाराले थाई सहर माई सोटसँग म्यावाडीलाई जोड्ने दुई 'मैत्री पुल' को भ्रमण गर्नुहुने थाइल्यान्डको विदेश मन्त्रालयले बताएको छ ।

करेन नेसनल युनियन (केएनयु) ले बिहीबार विस्थापित जुन्ता सैनिकहरू म्यान्मातर्फको एउटा पुलको टर्मिनस नजिक आश्रय लिएर बसेको बताएको थियो । दुई मुलुकलाई विभाजन गर्ने मोई नदी क्षेत्र शुक्रबार बिहान शान्त देखिएको एएफपीका संवाददाताहरूले बताएका छन् ।

सीमामा पहरा दिइरहेका एक थाई सैनिकले रातिको निगरानीका क्रममा म्यान्मामा गोली र विस्फोटका आवाज सुनिएको बताए । सीमामा एउटा लाउडस्पिकरमा बौद्ध प्रार्थनाहरू बजाइएका थिए ।

सैनिकहरू बोकेको सात वटा थाई बख्तरबन्द गाडी सडकमा धुलो उडाउँदै रातिको निगरानीका लागि शुक्रबार बिहान सीमावर्ती सहर माई सोट पुगेका छन् । नगन्य सङ्ख्यामा ट्रकहरू यान्माबाट थाई सीमामा रहेको 'दोस्रो मैत्री पुल' मा पुगेको एएफपीका संवाददाताहरूले बताएका छन् । कुनै पनि ट्रकलाई म्यान्मातर्फ गएको देखिएको छैन ।

हालैका महिनाहरूमा युद्धको मैदानमा धेरै हारको सामना गर्नुपरेको जुन्ताका लागि म्यावाडी सहरमाथि विद्रोहीहरूको पूर्ण कब्जा अपमानजनक पराजय हुनेछ ।

सैनिकका परिवारहरूको सुरक्षाका लागि जुन्ता सैनिकहरू म्यावाडीमा आफ्नो बेसबाट 'पछाडि हट्नुपरेको' जुन्ताका प्रवक्ता जाव मिन तुनले बिहीबार राति स्थानीय सञ्चारमाध्यमसँग पुष्टि गर्नुभएको थियो । उहाँले जुन्ता र थाई अधिकारीहरूले सैनिकहरूका बारेमा छलफल गरिरहेको बताउनुभयो । यद्यपि, छलफलमा कति जना संलग्न थिए भन्नेबारे उहाँले कुनै विवरण दिनुभएन । एएफपीले टिप्पणीका लागि थाई सरकारसँग सम्पर्क गरेको छ ।

विदेश मन्त्रालयका अनुसार आफ्नो एक दिने भ्रमणका क्रममा विदेश मन्त्री पर्णप्री बहिधा–नुकाराले म्यान्माको लडाइँबाट भागिरहेका मानिसहरूको थप आगमनको तयारीलाई पनि हेर्नुहुनेछ ।

बिहीबार थाई प्रधानमन्त्री श्रेथा थाभिसिनले म्यावाडीमा हालै भएको झडपहरूबारे उल्लेख गर्दै भन्नुभयो, "राज्यले कसैलाई पनि हाम्रो क्षेत्रमा प्रवेश गर्न अनुमति दिनेछैन ।" सन् २०२२ मा म्यान्माको हवाई सेनाले सैन्य विद्रोहविरोधी लडाकूहरू विरुद्धको कारवाहीका क्रममा आफ्नो हवाई क्षेत्रको उल्लङ्घन गरेपछि थाइल्यान्डले जेट लडाकू विमानहरू परिचालन गरेको थियो ।

म्यान्माबाट भागिरहेका एक लाख नागरिकलाई स्वीकार गर्न तयार रहेको यसै साताको प्रारम्भमा थाइल्यान्डले बताएको थियो ।

# रुसमा उच्च बाढीको जोखिम

मस्को, १२ अप्रिल (एएफपी) । रुसको ओरेनबर्ग सहरमा शुक्रबार युराल नदीको सतह नयाँ रेकर्ड उचाइमा पुगेपछि बाढीका कारण रुस र कजाकिस्तानका दसौं हजार मानिसलाई स्थानान्तरण गरिएको अधिकारीहरूले बताएका छन् ।

तीव्र गतिमा बढिरहेको तापक्रमले हिउँ र बरफ पग्लिँदा तथा भारी वर्षाका कारण रूस र कजाकिस्तान पार गर्ने धेरैजसो नदीहरूले खतराको सतह पार गरेका छन् ।

टियूमेन क्षेत्रका अधिकारीहरूका अनुसार पश्चिमी साइबेरियामा इशिम नदी पनि खतरनाक स्तरमा पुगेको छ । अधिकारीहरूले इशिम र टोबोल नदी अप्रिल २३–२५ मा उच्चस्तरमा पुग्ने अनुमान गरेका छन् ।

अधिकारीहरूका अनुसार ओरनबर्गमा युराल नदी ११ दशशमलव २९ मिटर (३७ फिट) पुगेको छ । यो निर्धारित खतराको स्तरभन्दा दुई मिटर माथि हो । सहरका केही भागमा पानीमाथि घरहरूको छतमात्र देख्न सकिन्छ ।

क्षेत्रीय अधिकारी सर्गेई बालिकिनले आरआइए नोभोस्ती राज्य समाचार एजेन्सीलाई ओरेनबर्गमा शुक्रबार वा शनिबार मात्र बाढी आउने जानकारी दिनुभयो । अधिकारीहरूका अनुसार चार लाखभन्दा बढी जनसङ्ख्यामध्ये १० हजार सात सयभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । बाढीले करिब ११ हजार सात सय घर डुबेका छन् ।

बाढीको जोखिमका कारण पूर्वमा कुर्गान र तोम्स्क क्षेत्रका धेरै गाउँलाई पनि खाली गरिएको छ । रुस र कजाकिस्तानमा करिब एक लाख मानिसले बाढीका कारण घर छाडेको अनुमान गरिएको छ ।

बाँध फुटेपछि समस्याग्रस्त ओर्स्कमा अधिकारीहरूले सुधार भएको बताएका छन् । सहरका आक्रोशित बासिन्दाहरूले सङ्कटको व्यवस्थापनप्रति चिन्ता व्यक्त गर्दै दुर्लभ प्रदर्शन गरेको बताइएको छ ।

बाढी र जलवायु परिवर्तनको कुनै प्रत्यक्ष सम्बन्ध भएको नपाइए पनि विज्ञहरूले उच्च तापक्रमले भएको भीषण वर्षाले बाढी निम्त्याएको बताएका छन् ।

# चीनमा बाक्लो कुहिरोको नयाँ चेतावनी जारी

पेइचिङ, १२ अप्रिल (सिन्हुवा) । चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले शुक्रबार देशका केही भागमा घना कुहिरोको चेतावनी नवीकरण गरेको छ ।

केन्द्रका अनुसार शुक्रबार बाक्लो कुहिरोले पीत सागरका केही भाग र सान्डोङ प्रायःद्वीपको तटीय पानी, साथै हेनान, हुबेई, हुनान र चोङकिङलगायत प्रान्तीयस्तरका क्षेत्रका केही भाग ढाक्ने अनुमान गरिएको छ ।

केन्द्रका अनुसार केही प्रभावित क्षेत्रमा दृश्यता एक किलोमिटरभन्दा कममा झर्नेछ । डुङ्गा चलाउने र अन्य सञ्चालनमा संलग्न जहाजहरूलाई सुरक्षित नेभिगेसन सुनिश्चित गर्न तिनीहरूको निगरानीलाई बलियो बनाउन र आफ्नो गतिलाई नियन्त्रित गर्न तथा उचित दूरी कायम गर्न सुझाव दिइएको छ ।

चीनमा बाक्लो कुहिरोका लागि तीनस्तरको रङ–कोड गरिएको चेतावनी प्रणाली रहेको छ । यसमा रातो सबैभन्दा गम्भीर चेतावनी हो । त्यसपछि सुन्तला र पहेँलो चेतावनी रहेको छ ।

# विज्ञान र प्रविधिमा भएको विकाससँगै समाजको आवश्यकतालाई ध्यान दिन आवश्यक

✍ सुनिल प्रजापति

भूकम्प इन्जिनियरिङ विषयको स्नातकोत्तर तहको पाठ्यक्रम विकास कार्यशाला भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा गर्ने अवसर पाएकोमा हामी खुसी छौँ। यस कलेजमा कार्यशाला गर्ने ठाउँ छनोट गर्नुहुने पूर्वाञ्चल विश्वविद्यालयका पदाधिकारीहरूलाई धन्यवाद दिन चाहन्छौँ।

ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहबाट सञ्चालित नेपालको पहिलो कलेज हो। २०५८ सालबाट सुरु भएको यस कलेजलाई भूकम्प इन्जिनियरिङसम्बन्धी स्नातकोत्तर अध्ययन अध्यापन गर्ने स्वीकृति प्रदान गर्ने पूर्वाञ्चल विश्वविद्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

भक्तपुर नगरपालिकाले सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको छ। ख्वप इन्जिनियरिङ कलेज पनि त्यसमध्येको एक हो। यस कलेजले अध्ययन अध्यापनको साथै अनुसन्धान र प्रकाशनमा पनि जोड दिँदै आएको छ। भूकम्प इन्जिनियरिङसम्बन्धी हेर्ने छुट्टै विभागको स्थापना गरी थप व्यवस्थित गर्ने प्रयास गरिरहेका छौँ।

समयअनुसार पाठ्यक्रममा परिमार्जन हुन सकेन भने विद्यार्थीहरूको आकर्षण घट्ने सम्भावना हुन्छ। विज्ञान र प्रविधिमा भएको विकाससँगै समाजको आवश्यकतालाई ध्यानमा राखेर पाठ्यक्रम परिमार्जन हुनु जरुरी छ।




अहिले धेरै विद्यार्थीहरू विदेशतिर आकर्षित हुँदै छन्। गत आ.व. २०७९/०८० मा एक लाख १० हजार र चालु आवको ८ महिनामा ८५ हजार विद्यार्थीले विदेश पढ्न जान नो अब्जेक्सन लेटर लिएको तथ्याङ्कले हाम्रो विश्वविद्यालयको शैक्षिक गुणस्तर र व्यवस्थापनमाथि प्रश्न उठाएको छ। विश्वविद्यालयमा समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु, परीक्षा कापी हराउनु, बन्द-हडताल, आगजनीजस्ता घटनाहरू नै विद्यार्थीहरूको विश्वास घट्नुका कारणहरू हुन्। पढाइ सकेपछि पनि बेरोजगार बस्नुपर्ने बाध्यता अर्को कारण भएको बताइन्छ। हामी हाम्रा विद्यार्थीहरूलाई कस्तो शिक्षा दिइरहेका छौँ ?

विद्यार्थीहरू यही गतिमा विदेश गइरहने हो भने देशका धेरै कलेजहरू बन्द हुनेछन्। अहिले नै ५०० वटाभन्दा बढी कलेजहरू बन्द हुने अवस्थामा पुगेको समाचारमा आइरहेका छन्। त्यसको लागि जिम्मेवार को को हुन् ? गम्भीर भएर सोच्न आवश्यक छ।

उत्पादन श्रमसँग मिलाउने शिक्षा आजको आवश्यकता हो। अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्थाजस्तो बनेका छन्। हरेक विद्यार्थीलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा अहिलेको आवश्यकता हो।

नेपालको लागि भूकम्पसम्बन्धी इन्जिनियरिङ अत्यन्त महत्त्वपूर्ण विषय हो। २०७२ सालको भूकम्पमा सबभन्दा बढी क्षतिग्रस्त जिल्लामध्ये भक्तपुर पनि एक हो। यस कलेजका इन्जिनियरहरूको प्राविधिक सहयोग त्यतिबेला क्षतिग्रस्त अधिकांश सम्पदाहरूको भक्तपुर नगरपालिकाले पुन:निर्माण, जीर्णोद्धार सम्पन्न गरिसकेको छ। अझै केही निर्माणाधिन अवस्थामा छन्। ख्वप इन्जिनियरिङ कलेजले भूकम्पसम्बन्धी नयाँ नयाँ ज्ञान हासिल गरी देशको निम्ति सक्दो बढी योगदान दिने उद्देश्यले नियमितरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गर्दै आएको छ। २०८१ साल माघ महिनामा भूकम्प इन्जिनियरिङसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन र २०८२ साल माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको पनि आजको यस कार्यक्रममार्फत यहाँहरूलाई जानकारी गराउन चाहन्छौँ। पूर्वाञ्चल विश्वविद्यालयको तर्फबाट आवश्यक सहयोगको अपेक्षा गर्दछौँ।

आजबाट सुरु हुने कार्यशालाले २१ औँ शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम र योग्य जनशक्ति तयार गर्ने पाठ्यक्रम निर्माण गर्न सकोस् र भविष्यमा हुने भूकम्पबाट क्षति न्यूनीकरण गर्ने प्राविधिक जनशक्ति निर्माण गर्न पाठ्यक्रम सफल हुने विश्वासका साथ कार्यशालाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौँ।

*(पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायको आयोजनामा भएको स्नातकोत्तर तह भूकम्प इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूको दोस्रो, तेस्रो र चौथो सेमेस्टरको पाठ्यक्रम विकाससम्बन्धी कार्यशालामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा बिहीबार व्यक्त विचार-स.)*

**लघु कथा**

# शुभकामना

✍ सुमन

अहो ! भाइराम, शुभ काम गरेको भने पनि, नयाँ वर्ष भने पनि शुभकामना छ। हामीलाई पनि खबर गनुपर्ने नि, यस्तो शुभकामना। छेउमा राखेको ज्यावल लिएर आफूले ल्याएको पूजा सामग्री एक ठाउँमा थन्क्याएर मन्दिर आएकी विष्णुलक्ष्मी भाउजूले दियो सफा गर्न थालिन्। विष्णुलक्ष्मी भाउजूले दियो सफा गर्दै भनिन्, 'पूजाभरि फूल, फलफुल मिठाइ, लड्डु प्यादा आदि राखेर पूजा गर्दैमा, लाखबत्ती बाल्दैमा धर्म लाग्ने होइन क्यारे। भगवान खुसी हुने होइन क्यारे। होइन राम भाइ ? यस्तो भगवान बस्ने मन्दिर परिसरमा सफा सुग्घर गरिदिए पो हाम्रो मन आनन्द र खुसी हुन्छ। हाम्रो मन आनन्द र खुसी हुनु नै हाम्रो मनको भगवान खुसी हुनु हो। सोच विचारमा पाप, स्वार्थ छ, सेवा उपकारको भावना छैन भने साबुन, सोडा र पानीले मैलो पखालिएर गएजस्तो दुष्कर्मको पाप कहाँ पखालिन्छ र ? घाटमा सबैले मरेर लानु के छ र भनेर सबै लोभी, पापी होइन, त्यागी, सेवक र धर्मात्मा बन्छन्। धर्मको लागि त मन सफा, कर्म सफा, त्यागी भएर समाज कल्याणको नि: स्वार्थ काम गर्नुपऱ्यो नि होइन र राम ?

हो, विष्णुलक्ष्मी भाउजू। भाउजूको सोच, विचार अनि सफाइ र सहयोगको चोखो, नि: स्वार्थी भावना र कामबाट प्रभावित भएका भाइ रामले भने, 'मुखले मात्र पुकारेर दिएको शुभकामनाको केही अर्थ र महत्त्व राख्दैन। त्यो अनुसार व्यवहारमा, परिणाममा सद्भाव र सहयोग हुनुपर्थ्यो नि। शुभकामना मुखले, बोलीले मात्र कामना गरेर कहाँ हुन्छ र ? समाजको हित, सेवा हुने राम्रो काम पनि गरेर देखाउनुपऱ्यो नि। त्यो काम सानो-ठुलो होला। मुख्य कुरा मन र सेवाभाव हो। कसैले भाउजूले जस्तो मन्दिर परिसरमा दियो सफाइ गर्ला, कसैले बाटो, चोक, धारा, पाटी, पोखरी, टोल कार्यक्रम राखेर सफाइ गर्ला, त्यस्तै निर्माण र पुन:निर्माणमा श्रमदान गर्ला। कसैले राम्रो पुस्तक पढ्ला, लेख्ला र कसैले गरिब गुरूवालाई खुवाउला, दान दक्षिणा देला। त्यही भएर भाउजू हामी मन्दिर परिसर सहयोग समितिका दाजुभाइ तथा दिदीबहिनीहरू मिलेर आज यो मन्दिर परिसरको दियो सफा गरेको नि भाउजू हुँदैन र ? भाउजूले हामीलाई शुभकामना पनि दिनुभयो, सहयोग पनि गर्नुभयो, त्यसको लागि भाउजूलाई र भाउजूको परिवारलाई नव वर्ष २०८१ को शुभकामना र धन्यवाद ! सफाइको काम सकिएपछि पूजा सामग्री लिएर 'ल जान्छु है' भन्दै भाउजू आफ्नो घरतिर लागिन्।

**कविता**

## प्रणाम

✍ साहिँला

मातृत्वको पीडा बिर्सी
जन्माउनु भयो
अनेक दु:ख, कष्ट सही
हुर्काउनुभयो।
जब हिँड्न सक्ने भएँ
उनकै पुच्छर बन्थेँ
दु:ख सुखमा साथी भई
घर, खेतमा जान्थेँ।

६ दशकअघि हेर्दा
कति फोहर यो ठाउँ
कहीँ कतै गए भने
फोहरी ज्यापु भन्थे।
शासकबाटै अपहेलित
यो सहर बस्तीलाई
शिक्षा, स्वास्थ्य नाउँ मात्रै
हुने खानेको रजाइँ।

अँध्यारो यो बस्तीमा
एक भलादमी आउँथे
लुकीछिपी दियो बाल्दै
ज्ञानको ज्योति छर्थे।
अन्यायको विरुद्ध लड्न
त्यसैबेला सिकेँ
अधिकार प्राप्तिको निम्ति
सङ्घर्षमा लम्केँ।

देश विदेशको कुरा बुझी
सङ्घर्षमा लागेँ
ज्ञानको ज्योति शिक्षा पाउन
नन तत गरी पढेँ
अँध्यारो कोठा बाहिर
पहरा दिन बसेँ
मानव जन्मको सार
समानताको मर्म मैले बुझेँ
शोषणले व्याप्त समाजलाई
परिवर्तन गर्न हिँडे ।

६ भाइमध्ये साहिँलो म
स्कूल जाने भएँ
परिवारको चोखो माया
मुटुमा सँगाल्दै
विगतलाई सम्झी मैले
हजुरहरूलाई प्रणाम गरेँ
नयाँ वर्षको आगमनसँगै
अघि बढ्ने प्रण गरेँ।

## नव वर्षको शुभकामना !

✍ न्हुछेरत्न वुद्धाचार्य

सगरमाथाको देशमा असङ्ख्य नयाँ दिनहरू
घुमिरहेछ भित्ताको नयाँ क्यालेन्डरमा
२०८१ सालको नव वर्ष शुभारम्भ भएको छ
प्रत्येक छानामाथि वैशाख हिँडिरहेछ यो भूमण्डलमा।

सफलता, शान्ति, दीर्घायुको कामना लिएर
नयाँ उमङ्ग, नयाँ उत्साहका साथ नव वर्ष आएको छ
'१' अङ्कबाट सुरु भएको संवत्मा विभिन्न समस्याहरू देखापर्छन्
समस्या समाधान गर्न सकोस् भनी नव वर्षको शुभकामना !

आज यो हिमाल, पहाड र तराईका
प्रत्येक स्वाभिमानी पीडित मानवहरूले
नैतिक आचरणलाई पालन गरी सावधानी अपनाएर
यो शान्तिभूमिमा स्वस्थ र निरोगी भएर कदम चाल्न सकोस्।

कलिलो हँसिलो संसारको न्वारान गरेर
ज्ञानको प्रज्ञा प्रज्ज्वलन गर्ने उपकारी शिक्षकहरूले
विद्याको मन्दिरको उन्नति र प्रगतिको लागि
अपार महिमाले योगदान दिएर राष्ट्रको सेवा गर्न सकोस्।

यो नव युगको विद्याको सागरमा
हरेक विद्यार्थीले सत्यता र लगनशीलताको पथमा लम्केर
सामाजिक सेवा, देशभक्तिको पाठ सिकेर
यो ज्ञानभूमिको प्रतिभाशाली भविष्यका कर्णधार बनेर अघि बढ्न सकोस्।

आफ्नो स्वतन्त्रता र अधिकारको लागि
निमुखा जनता जागरुक भएर पाइला चाल्न सकोस्
यो जनमानसमा गुञ्जिरहेको नयाँ वर्षको शुभकामना
यो जन्मभूमिमा सधैँ सम्झिरहनेछन्
हामी यही कामना लिएर अघि बढिरहनेछौँ।

## नयाँ वर्षको शुभकामना !

✍ लालबहादुर थापा

आयो
फेरि नयाँ वर्ष आयो
बिना आकार र स्वरुपमा
विगतझैँ
आफ्नो विशेषता बोकेरै आयो।
हारमा जित र जितमा हार
लुकेको सत्य बोकेरै आयो
न्याउलीको विरहमात्र होइन
कोइलीको कुहुकुहुमा
माहुरी वैद्य बनेर आयो।
वैशाखमा फैलिने डढेलोले
धर्ती हराभरा पार्ने शक्ति बोकेर आयो
सगरले सागर छुने
शीतल वर्षा बोकेर आयो
शिखरले सागर भेट्न
अविच्छिन्नता बनेर आयो
धर्ती र आकाश जोड्ने
दृष्टिगोचर भएर आयो
मन गाँस्ने र पिरती साट्नेसँग पनि आयो
क्रान्तिको बिगुल फुक्ने र
असमानताको जन्जिर चुँडाल्नेसँग पनि आयो
असमानताको खेती फलाउने
अशान्ति र युद्ध पारखीसँग पनि आयो।
आयो, आयो, आयो
समयको पदचापमा र
विश्वास र अविश्वासको कोसेली
धर्म र पापको उपहार
विकास र विनाशको नासो
नयाँ र पुरानाबीच द्वन्द्व बोकेर आयो
यसैमा हाँस्नु छ, यसैमा रमाउनु छ
सुन्दर संसारको इतिहास रच्नु छ
कालो बादलले मेघ झार्छ
अँध्यारो रातले सुनौलो बिहानी पाउँछ
पालो सबैलाई समयले फिराउँछ
पुराना र थोत्रालाई शिशिरले गिराउँछ
समयको गर्भभित्र स्वाधीनताको
सबल भ्रुण सलबलाएर आयो
ठेकीमा जमेको खई र लेउका कारण
सङ्क्रमित भएको बुझेर आयो
हाम्रो सम्पदा, श्रम र पसिनाको
भेटी चढाउँदा पनि गोमनको ठुङ्गाइ
भालुको झम्टाइ प्रवृतिविरुद्ध
मध्यपूर्वमा सबक बनेर आयो
कायरतामा बलवान बनेकाको निम्ति
विस्फोट बनेर आयो
विजयको सुन्दर सपना
हृदयभित्र खोपेर आयो
सुखको उज्यालो कहिल्यै ननिभ्ने गरी
बल्नुपर्छ भनेर आयो
प्रियजन र सुन्दर मनहरूलाई
वसन्तको नयाँ पालुवाजस्तै
नयाँ युगको आशामा
सुन्दर धर्ती बुद्धको आँगनबाट
परिवर्तन, सफलता, शान्ति र दीर्घायुको
असीम शुभकामना !

## नयाँ वर्षको शुभकामना !

✍ इकुश्रे

शुभकामना दिन पहिला आफू शुभ हुनुपर्छ
आदरणीय, माननीय, पूजनीय हुनुपर्छ
नि:स्वार्थी र त्यागी अनि देशभक्त हुनुपर्छ
मन, वचन र कर्म मिली एउटै बिन्दु छुनुपर्छ।

आफैँ अशुभ मान्छे भए शुभ कहाँ आउन सक्छ !
असत्य छ दिने आफैँ ! सत्य कसले पाउन सक्छ !
लोभी, पापी, स्वार्थीपनले धेरै हानि गर्न सक्छ
दिनेबाट नलिँदा नि अरूलाई त्यसै सर्न सक्छ।

के के भए शुभ काम कसलाई भयो शुभ यहाँ !
प्रश्नहरू पुरानै छन्, "किन, कति, कसरी कहाँ ?"
अझै पनि नयाँ सोचाइ, विचारसँगै योजना खै !
गल्ती स्वीकार गरी अब सुध्रिने छु भनेको खै ?

हेरिसाध्य, पढिसाध्य, सुनिसाध्य कहाँ छ र !
नबुझ्दैमा बरु राम्रो बुझिसाध्य कहाँ छ र !
देशको अवस्थाले गर्दा रोएका छन् यी भावना
तर पनि दिएकै छन् नयाँ वर्षको शुभकामना !

## बजार

✍ सुरेश

**१. दाल,**
सस्तो दाल, महँगो दाल
भात,
सस्तो भात, महँगो भात
साग,
सस्तो साग, महँगो साग।

रोगी आमाबाको लागि
कलिला छोराछोरीको लागि
जेजति उठाउन सकेँ,
सस्तो उठाउन सकेँ।

यो सहरमा,
जीवन मभन्दा महँगो छ
र सस्तो छ मृत्यु
एक ज्यामीजस्तै सस्तो।

**२. आलु**
सस्तो आलु, महँगो आलु।
साहुनीले जब आलु जोखिन्
मलाई लाग्यो,
तराजुमा आलु होइन, म छु
उनी मलाई तौलिरहेकी छिन्
मेरो कद नापिरहेकी छिन्
बगलमा अर्ग्यानिक आलुको
लाइन छ अर्को।

हठात बुझेँ मैले,
तराजुले आलु तौलिन्न
मान्छेको खल्ती तौलिन्छ
र घोषणा गर्छ-
मान्छे,
सस्तो मान्छे, महँगो मान्छे।

**३. बजारमा**
अन्न मान्छे बनेको छ,
मान्छे अन्न बनेको छ।
आलु मान्छे बनेको छ,
मान्छे आलु बनेको छ।
निर्जीव सजीव बनेको छ,
सजीव निर्जीव बनेको छ।

**४. सजीव ज्यामीलाई**
निर्जीव ढकले तौलिरहेछ।
तराजु ढकतिर ढल्किरहेछ
ढक साहुतिर ढल्किरहेछ
साहु नेतातिर ढल्किरहेछ
नेता सत्तातिर ढल्किरहेछ
सत्ता पुँजीतिर ढल्किरहेछ
पुँजी एकाधिकारतिर ढल्किरहेछ।

जता हेरौँ,
बजार, सत्ता र एकाधिकार कम्पनी
ज्यामी हलुका छ,
केबल ज्यामी सस्तो छ।

**५. बजार तराजु हो**
उसले अन्न तौलिरहेछ,
तरकारी तौलिरहेछ,
मानिस तौलिरहेछ
र मिल्काइरहेछ मान्छेलाई
आलुको थुप्रोमा।

बजारले तराजुमा
मान्छेको वजन देख्छ
त्यसको खोपडी देख्दैन
जहाँ एउटा तराजु हुन्छ,
त्यसले पनि तौलिनुपर्छ
त्यसले बजार तौलिनुपर्छ
र मिल्काउनुपर्छ
जीवन महँगाउने,
मृत्यु सस्ताउने
दुष्ट बजार
ओसिलो सङ्ग्रहालयको
अँध्यारो कुनामा।

# हार्दिक समवेदना



**बलराम नागा**

**जन्म : २०३७/०२/१०** **स्वर्गारोहण : २०८०/१२/२५**

चन्द्रोदय बहुउद्देश्यीय सहकारी संस्था लि.का संस्थापक सदस्य **बलराम नागा**को हृदयघात भई असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतक आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं ।

**अध्यक्ष**
**एवम्**
**चन्द्रोदय बहुउद्देश्यीय सहकारी संस्था लि.परिवार**

# भिन्तुनाको शुभकामना आदानप्रदान कार्यक्रम

भक्तपुर, ३० चैत । भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. मा नव वर्ष २०८१ सालको उपलक्ष्यमा बिहीबार शुभकामना आदानप्रदान तथा संस्थाले प्रकाशन गरेको भिन्तुना भित्तेपात्रो सार्वजनिकिकरण भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले विदेश पलायन भइरहेका लाखौँ युवालाई रोकेर स्वदेशमै रोजगारीको बन्दोबस्त गर्न नसक्नु सरकारको अकर्मण्यता भएको जिकिर गर्नुभयो । उहाँले सहकारी सङ्घसंस्थाले सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर उकास्न सहकारीकै पहलमा कृषि खेती, विद्यालय कलेज सञ्चालन गर्दै आर्थिक सबलीकरणतर्फ लगाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सचेत नागरिक तयार गर्न थाल्नुपर्ने विचार व्यक्त गर्दै अर्थमन्त्रीले नेपालको अर्थनीतिलाई असर पर्ने गरी बोलेकोमा आपत्ति जनाउँदै पाइलापाइला गरी नेपालको अर्थनीति विदेशीको हातमा पर्ने षड्यन्त्र भइरहेको प्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले सबैलाई कर्तव्यनिष्ठ, देशभक्त र असल नागरिक तयार गर्ने शिक्षा दिनुपर्ने विचार औँल्याउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले सहकारीले गर्दै आएका सकारात्मक कार्यक्रमले सदस्यहरूमा सहकारीप्रति अपनत्व कायम हुने र देकोमिबा इटापाको जग्गा एकीकरण आयोजनाले चालिस प्रतिशतभन्दा बढीलाई पुर्जा वितरण गरिसकेको तथा समस्यामा परेका जग्गाधनीहरूको आवश्यक सुझावहरू सङ्कलन गरी समाधानतर्फ लागेको जानकारी गराउनुभयो ।

स्थानीय रत्नकाजी नायभारी, सत्यनारायण बासुकला, गणेशप्रसाद सुवाल तथा सञ्चालक सदस्य चञ्चल सुवालले पनि बोल्नुभएको उक्त कार्यक्रम संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालको सभापतित्वमा भएको थियो । कार्यक्रममा सचिव सुवालले संस्थाको भित्तेपात्रो सार्वजनिकीकरण गर्नुभएको थियो ।

## मल्ल (प्रधानाङ्ग) प्रतिष्ठान

**साधारण सभा सम्वन्धि सूचना**

**यस प्रतिष्ठानको पच्चिसौं बार्षिक साधारण सभा निम्न वमोजिम गरिने भएकोले सम्पूर्ण सदस्य महानुभावलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ ।**

स्थान : नेवा:ननि, च्वङ्गा गणेश गेटसँगै (च्वङ्गापाखा), सल्लाघारी भक्तपुर ।
मिति : २०८१ बैशाख २२ गते सनिबार ।
समय : दिनको ११:०० बजे देखि ।

मल्ल (प्रधानाङ्ग) प्रतिष्ठान
खौमा, भक्तपुर ।

## काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको नि:शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रतिनिधिसभाले गरेको संशोधनलाई राष्ट्रियसभाको सहमति

काठमाडौँ, ३० चैत । राष्ट्रियसभाको शुक्रबारको बैठकले 'खाद्य स्वच्छता तथा गुणस्तर विधेयक' मा प्रतिनिधिसभाले गरेको संशोधनलाई सहमति प्रदान गरेको छ ।

कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले प्रस्तुत गर्नुभएको सो विधेयकमाथि सांसदहरू विष्णुकुमारी सापकोटा, देवेन्द्र दाहाल, तुलसाकुमारी दाहाल, भुवनबहादुर सुनुवारले धारणा राख्नुभयो ।

सांसदहरूले उठाउनुभएको प्रश्नको जवाफमा मन्त्री साहले खाद्य पदार्थमा स्वच्छता कायम गर्नैपर्ने र त्यसका लागि आवश्यक कानुनी प्रबन्ध गरिएको बताउनुभयो ।

राष्ट्रियसभाको अर्को बैठक आगामी वैशाख ४ गते दिउँसो १:१५ बजे बस्नेछ ।

## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

### ब्याजदर परिवर्तनसम्बन्धी सूचना

अहिले वित्तीय क्षेत्रमा भइरहेको ब्याजदर परिवर्तनलाई ध्यानमा राखी बजारको विश्लेषण गरी संस्थाको सञ्चालक समितिको निर्णयअनुसार संस्थाले पनि २०८१ वैशाख १ गतेदेखि लागु हुने गरी तपसिलबमोजिम बचत शीर्षकमा नयाँ ब्याजदर कायम गरिएको सबै शेयर सदस्य तथा शुभचिन्तकहरूमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बचत शीर्षकमा | नयाँ ब्याजदर |
|---|---|---|
| १ | नियमित बचत | ७% |
| २ | बाल बचत | ७% |
| ३ | दैनिक बचत | ५% |
| ४ | आकस्मिक बचत | ५% |
| ५ | भक्तपुर आकस्मिक बचत | ५% |
| ६ | आवधिक/भ.आवधिक बचत ३ महिने | ६% |
| ७ | आवधिक/भ.आवधिक बचत ६ महिने | ७% |
| ८ | आवधिक/भ.आवधिक बचत १ वर्षे | ८% |
| ९ | ज्येष्ठ नागरिक बचत | ९% |


### आधारभूत सिलाइ तालिमसम्बन्धी सूचना

**तालिम मिति** : २०८१ वैशाख ९ गतेदेखि
**तालिम अवधि** : ३ महिना
**समय** : बिहान ७ बजेदेखि ९ बजेसम्म
**स्थान** : सहकारीकै तालिम हलमा
**सहभागी सङ्ख्या** : २० जना
**सहभागी शुल्क** : प्रतिव्यक्ति रु. १५००।-
**अन्तिम दर्ता मिति** : २०८१ वैशाख ७ गते

### सदस्य पहिचान फाराम (KYM) अद्यावधिक गर्नेसम्बन्धी सूचना

सम्पत्ति शुद्धीकरणसम्बन्सी सहकारी सङ्घ संस्थालाई जारी नर्देशनको दफा ३ ले निर्देश गरेबमोजिम सदस्य पहिचान फाराम अनिवार्य अद्यावधिक गर्नुपर्ने भएकोले सम्पूर्ण सदस्यहरूले सदस्य पहिचान फाराम (KYM) अद्यावधिक गरि दिनुहुन अनुरोध गर्दछ ।

**आवश्यक कागजातहरू :**
१) नागरिकताको फोटोकपि १ प्रति
२) पासपोर्ट साइजको फोटो १ वटा




प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा